
निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com

**ज्येष्ठ नागरिकको सम्मान गरौं, सभ्यताको परिचय दिऔं।**
- ज्येष्ठ नागरिकलाई सम्मान गरौं,
- ज्येष्ठ नागरिकसँग भएको ज्ञान, सीप, अनुभव र क्षमताको उपयोग गरौं,
- घर तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकमैत्री वातावरण निर्माण गरौं ।

**सभ्यताको परिचय दिऔं ।**
नेपाल सरकार
विज्ञापन बोर्ड

❖ वर्ष ३६ ❖ २०७९ मङ्सिर ०२ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 November 18 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ८०

## मतदानमा कर्मचारी खटाउँदा भेदभावको आरोप

## अदालतका अधिकांश नासु मतदान अधिकृत भएर खट्दै

प्रस, वीरगंज, १ मङ्सिर/

प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको लागि पर्सा जिल्लाका विभिन्न मतदान केन्द्रहरूमा मतदान अधिकृत खटाउँदा भेदभाव भएको र रकमको लेनदेन भएको आरोप लागेको छ ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयले पर्सा जिल्लामा रहेका सरकारी कार्यालय, बैंक र सामुदायिक विद्यालयबाट कर्मचारीहरूको विवरण लिएर उनीहरूलाई खटनपटन गराएको हो। यसरी खटनपटन गराउँदा अदालतका कर्मचारीहरूले विशेष सुविधा पाएको उनीहरूलाई पदीय दायित्वभन्दा बढी जिम्मेवारी दिइएको पाइएको छ। मतदान अधिकृतमा अधिकृतहरूलाई खटनपटन गराउनुपर्नेमा अदालतका अधिकांश नायब सुब्बालाई मतदान अधिकृतको जिम्मेवारी दिइएर खटाइएको छ। अदालतका नासु तहका अधिकांश कर्मचारी खटिएका छन् भने अन्यत्र कार्यालयका एक/दुईजना नासुलाई मात्र मतदान अधिकृतको जिम्मेवारी दिइएको छ । यसो गर्नुका कारण भने अदालतका कर्मचारीहरूको मात्र हालीमुहाली नभएको देखाउनको लागि गरिएको स्रोतले जनाएको छ ।

यसैगरी, शिक्षण पेशामा आबद्धहरूलाई मतदान कार्यमा कम संलग्न गराइन्थ्यो तर यसपटक शिक्षण पेशामा रहेका धेरैजसोलाई मतदान अधिकृत, सहायक मतदान अधिकृत र सहायक कर्मचारीको रूपमा पनि खटाइएको छ।

यसरी खटाउँदा शिक्षण पेशामा संलग्नहरूबाट प्रतिव्यक्ति रु दुई हजार असुल गरिएको स्रोतले दाबी गरेको छ। यसै कारण केही सरकारी कार्यालयका कर्मचारीहरूलाई मतदानमा खटाइएको छैन । शिक्षण पेशामा आबद्ध भएकाहरूबाट राम्रो आम्दानी भएकाले सरकारी कार्यालयका कर्मचारीहरूलाई नखटाइएको स्रोतले जनाएको छ । विवरण माग गरेर कर्मचारी नखटाउनेमा सबैभन्दा बढी हुलाकका कर्मचारीहरू छन्। हुलाक कार्यालय, पर्साबाट एकजना मात्र कर्मचारी मतदानमा खटेका छन् । यसअघिका निर्वाचनमा सो कार्यालयबाट सबै कर्मचारी मतदान कार्यमा खट्दै आएका थिए ।

उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंजमा कार्यरत नासुहरूमा मतदान अधिकृत भएर मदन कोइराला, दिनेश देवकोटा, अम्बराज सुनार, सन्दीप घलान, अर्जुन जोशी, डोरप्रसाद धमला, अरविन्द महतो, सञ्जयकुमार देव, टीकाराम न्यौपाने, आलोक महतो खटेका छन् ।

यसैगरी, पर्सा जिल्ला अदालतका नासुहरू मतदान अधिकृत भएर खट्नेहरूमा भुलेन्द्र राम, सरोज यादव, भेषबहादुर कार्की, ऋषिराज सापकोटा, प्रमोदप्रसाद भण्डारी, दीपक उपाध्याय, रामनरेश पडित, दीपेन्द्र वली, वर्षा थापालगायत रहेका छन् । नासु भएर मतदान अधिकृत हुनेमा अन्य सरकारी कार्यालयमध्ये घरेलुबाट सुरज राम, वीरगंज महानगरपालिका कार्यालयका सुरज यादव, कालिकामाई गाउँपालिकाका सुरेश यादवलगायत छन् ।

अदालतमाथि आरोप नलागोस् भनी अन्य कार्यालयका केही नासुलाई मतदान अधिकृत बनाइएको हो। अधिकांश नासु मतदान अधिकृत हुनेमा उच्च र जिल्ला अदालतका छन् ।


तस्वीरः प्रतीक

कर्मचारी खटनपटनमा पनि भेदभाव भएको बताइन्छ । १५ किलोमिटरसम्म खट्ने कर्मचारीहरूलाई तालीमसहित आठ दिन जोडेर दैनिक रु अढाई हजार निर्वाचन खर्च दिइन्छ। तर सोभन्दा बढी किलोमिटरमा मतदान अधिकृत भएकाहरूलाई सोभन्दा बढी दिनको दैनिक रु अढाई हजार निर्वाचन खर्च दिइएको छ । यही भएर अदालतका अधिकांश कर्मचारीलाई पर्सा क्षेत्र नं ४ का विभिन्न पालिकाहरूमा खटाइएको छ। उनीहरूले बढी निर्वाचन खर्च पाऊन् भन्ने उद्देश्य रहेको यसबाट पुष्टि हुन्छ ।

## ग्रामीण क्षेत्रमा मदिरा खुलेआम बिक्री

प्रस, वीरगंज, १ मङ्सिर/

जिल्ला प्रशासन कार्यालय, पर्साका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनलाई मध्यनजर राख्दै कात्तिक २६ गते राति १२ बजेदेखि मदिरा बिक्री वितरणमा प्रतिबन्ध लगाए पनि पर्सा जिल्लाका ग्रामीण क्षेत्रमा खुलेआम मदिरा बिक्री भइरहेको छ ।

वीरगंज महानगरपालिकाको मुख्य सडकमा रहेका अधिकांश मदिरापसल बन्द छन्। रेस्टुराँको रूपमा सञ्चालित मदिरापसलहरू मात्र खुलेका छन् तर मदिरा बिक्री वितरण भएको पाइएको छैन, त्यसमध्ये केहीले लुकीछिपी मदिरा बिक्री वितरण गरिरहेका छन् । वीरगंजमा मदिरा बिक्रीमा केही कडाइ देखिए पनि पर्सा जिल्लाका विभिन्न ग्रामीण क्षेत्रमा भने मदिराको खुला बिक्री भइरहेको छ ।

*प्रस, ठोरी/*

ठोरी गाउँपालिकामा मदिराको बिक्री पूर्ववत्‌रूपमा जारी छ ।

जिल्ला प्रशासन कार्यालयले सूचना जारी गरे पनि स्थानीय सुरक्षाकर्मीहरूले मदिरा बिक्रीमा कडाइ गर्न नसक्दा यहाँका पसलहरू खुलेका छन् र बिक्री पनि निर्बाध भइरहेको छ ।

*प्रस, सेढवा/*

जीराभवानी गाउँपालिका र आसपासका गापाहरूमा पनि मदिराको बिक्री निर्बाधरूपमा भइरहेको छ ।

ग्रामीण क्षेत्रमा मदिराको बिक्री मुख्यतः साँझदेखि हुने गरेको छ र यहाँका पसलहरू पनि सोही समयमा खुल्ने गरेका छन् । त्यहाँ जिल्ला प्रशासन कार्यालय, पर्साले जारी गरेको सूचनाको असर छैन।

*प्रस, पर्सागढी/*

पर्सागढी नगरपालिकामा पनि जिल्ला प्रशासन कार्यालय, पर्साको मदिरा निषेध गरिएको सूचनाको असर छैन । निर्वाचनलक्षित गरेर कात्तिक २६ गते राति १२ बजेदेखि प्रजिअ ढकालले सूचना जारी गरी मदिरा बिक्री-वितरण, सेवनमा निषेध गरे पनि यहाँका मदिरापसलहरू निर्बाधरूपमा सञ्चालनमा छन् ।

बिहीवार दिउँसोदेखि नै यहाँका मदिरापसलहरू खुलेका छन् । स्थानीय प्रहरीले मदिरापसल बन्द गराउनेतर्फ कुनै चासो लिएको छैन ।


पर्सागढी नगरपालिकाको एउटा मदिरापसल । तस्वीरः प्रतीक

*प्रस, पोखरिया/*

पोखरियामा भने कात्तिक २७ गतेदेखि नै मदिराको बिक्री बन्द छ । मुख्य बजारमा रहेका मदिरापसलहरू बन्द छन् । मदिरा पिउने र बिक्री गर्नेहरूले लुकीछिपी यो कार्य गर्दैछन् ।

*प्रस, भिस्वा/*

भिस्वामा पनि मदिरा बन्द छ । जिल्ला प्रशासन कार्यालयले जारी गरेको सूचना अनुसार यहाँका प्रहरीले मदिरापसलहरू सञ्चालनमा आउन दिएका छैनन्। यहाँ करीब सात-आठवटा मदिरापसल छन् र ती सबै बन्द छन् । तर घरेलु मदिराको बिक्री भने रोकिएको छैन ।

मदिराभट्टीबाट घरेलु मदिराको बिक्री भइरहेको स्रोतले जनाएको छ ।

## चुनाव प्रचारको अन्तिम दिन बिहीवार उम्मेदवारहरू व्यस्त

प्रस, वीरगंज, १ मङ्सिर/

प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको प्रचारप्रसार समयावधि बिहीवार राति १२ बजेदेखि सकिएको छ। निर्वाचन आयोगले यो समयलाई स्थिर समय भनेको छ। निर्वाचनसम्बन्धी कुनै पनि प्रचारप्रसार नगर्न शुक्रवारदेखि निषेध गरिएको छ ।

यसै क्रममा बिहीवार उम्मेदवारहरूले अन्तिम चुनाव प्रचारप्रसार गरेका छन्। पर्सा क्षेत्र नं २ बाट जसपा-एमाले गठबन्धनका प्रतिनिधिसभा सदस्य जसपाका सुरेन्द्र कुर्मी र सोही क्षेत्रको २ बाट प्रदेशसभा सदस्यका उम्मेदवार एमालेका हरेराम पटेलले वीरगंज-२६ को अठराहाँ, सुगौली र बहुदरमाई नगरपालिकाको वडा नं २ मा घरदैलो गरी मतदाताहरूसँग मत मागेका छन् ।



यसैगरी, क्षेत्र नं २ (२) मा स्वतन्त्र उम्मेदवार रूपेशमान सिंहले वीरगंज-१९ को बर्वा, विन्ध्यवासिनी, वडा नं ६ र ९ मा घरदैलो र भेटघाट गरेका छन्। निर्वाचनको अन्तिम दिन भएकोले घरदैलो र भेटघाट कार्यक्रमलाई निरन्तरता दिइएको उनले बताए ।

यसैगरी, पर्सा क्षेत्र नं २ बाट वाम लोकतान्त्रिक गठबन्धनबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार नेकाका अजय चौरसिया र यो क्षेत्रको १ र २ का प्रदेशसभा सदस्य उम्मेदवार नेकाका श्याम पटेल, लोसपाका रमेशप्रसाद कुर्मीसमेतको टोलीले पर्सागढी नगरपालिका-२ पिपरामा घरदैलो गरेका छन् ।


तस्वीरहरूः सौजन्य

प्रदेशसभा सदस्यका उम्मेदवार पटेलले भने पर्सागढी नपा-४, बहुदरमाई नपा-३ र ६ मा भेटघाट कार्यक्रम गरेका छन् । उनले वाम गठबन्धनका उम्मेदवारहरूलाई जिताउन भेटघाटको क्रममा मतदातासँग आग्रह गरेका थिए।



पर्सा क्षेत्र नं १ बाट प्रतिनिधिसभामा स्वतन्त्र उम्मेदवार अजयकुमार द्विवेदीले आफ्नो क्षेत्र अन्तर्गत वीरगंज महानगर-१६ को इनर्वा र ३२ को परसवामा घरदैलो गर्नुका साथै वीरगंजमा पत्रकार सम्मेलन गरेका थिए। उनले निर्वाचनमा यसपटक मतदाताहरू जागरूक भएको र उनीहरूले दलगत उम्मेदवारभन्दा स्वतन्त्र उम्मेदवार रुचाएको बताए । यसपटक गठबन्धनको नाममा दलहरूले जनतालाई असल उम्मेदवार दिन नसकेको आरोप लगाए। अहिलेको गठबन्धनलाई उनले सत्तालोलुपताको भऱ्याङ भनेर टिप्पणी गरे। नेता द्विवेदीले निर्वाचनमा

(बाँकी अन्तिम पातामा)

### पर्सामा कुनै पनि दलका शीर्ष नेता आएनन्

प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको क्रममा पर्सा जिल्लामा दुवै गठबन्धन र नाम चलेका राजनीतिक दलका शीर्ष नेताहरूको आगमन भएन ।

प्रत्येक चुनावमा दलका ठूला नेताहरू सहभागी भएर आमसभा गरिँदै आए पनि यसपटकको निर्वाचनमा वाम लोकतान्त्रिक गठबन्धन र जसपा-एमाले गठबन्धन तथा अन्य राजनीतिक दलले पनि ठूला नेताहरूलाई बोलाएर आमसभा गरेनन् ।

समानुपातिकमा उम्मेदवार रहेका राप्रपाका वरिष्ठ नेता पशुपति शम्शेर जबरा, समानुपातिककै उम्मेदवार नेकाका विमलेन्द्र निधि मात्र आएर चुनावी प्रचार गरे ।

राष्ट्रिय अध्यक्षमा भर्खरै खुलेको राष्ट्रिय स्वतन्त्र पार्टीका रवि लामिछाने पर्सागढी नगरपालिकाको चुनावीसभामा सहभागी भएका थिए ।

यसको अलावा एमाले, नेका, माओवादी केन्द्र, जसपा, लोसपा, राप्रपा, नेपाल सुशासन पार्टीलगायतका नेताहरू चुनावी गतिविधिमा संलग्न भएनन् । अन्यत्र यिनीहरूको सहभागिता देखिए पनि पर्सा जिल्लामा भने शीर्ष नेताहरू आएनन् ।

## विचारसार र सूक्तिहरू

**बोलीबाट मूर्खको र मौनबाट बुद्धिमानको पहिचान हुन्छ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# मौन अवधि/स्थिर समय

**मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि बिहीवार रातिदेखि मौन अवधि अर्थात् स्थिर समय शुरू भएको छ। राति १२ बजेदेखि स्थिर समय शुरू भएको निर्वाचन आयोगले जनाएको हो। यसअघि निर्वाचन शुरू हुनुभन्दा ४८ घण्टाअघिदेखिको समयलाई मौन अवधि भनिन्थ्यो। यसपटक आयोगले यो अवधिलाई स्थिर समय भनेको छ। यो समयमा उम्मेदवारले आफ्नो चुनाव प्रचार अवधिको समीक्षा गर्ने र मतदाताले कसलाई मत दिने भनेर स्पष्ट योजना बनाउने समय हो। निर्वाचनमा 'स्थिर समय' विश्वव्यापी प्रचलन हो। सामान्यतया निर्वाचन हुनुभन्दा ४८ घण्टा पहिलेदेखि मतदान सम्पन्न नभएसम्मको अवधिलाई स्थिर समय मानिन्छ। यो समयले मतदाता, उम्मेदवार, अनुगमनकर्ता र सञ्चारमाध्यमलगायत सबैको ध्यान मतदानतर्फ केन्द्रित गर्न प्रेरित गर्छ। राजनीतिक दल तथा उम्मेदवारहरूको प्रचारप्रसार मतदानको अन्तिम समयमा आएर द्वन्द्वमा परिणत नहोस् वा निर्वाचनको मुखमा प्रचारप्रसारमा विकृति नबढोस्, निर्वाचनको वातावरण शान्त रहोस् र उम्मेदवारबीच अस्वस्थ प्रतिस्पर्धा नहोस् भनेर यो समय राख्ने गरिन्छ। निर्वाचन आयोगका लागि पनि मतदानको दिनका लागि गर्नुपर्ने आवश्यक तयारीबारे समीक्षा गरेर बाँकी काम पूरा गर्न स्थिर समयले सहयोग पुऱ्याउँछ।**

**स्थिर अवधिमा राजनीतिक दल तथा उम्मेदवारहरूले प्रचारप्रसार भौतिक वा अभौतिक कुनै पनि रूपले गर्न पाउँदैनन्। चुनावी सरगर्मीमा तातेको वातावरण शान्त पार्ने समय हो– 'स्थिर समय'। चुनावका बेला धेरैजनाबाट धेरै थरीका कुरा सुन्दासुन्दै मतदातामा आकुलता र तनाव महसूस भइसकेको हुन्छ। दुई दिन आराम गर्दा उनीहरू सामान्य अवस्थामा फर्कन्छन्। दुई दिनअघि आरोप–प्रत्यारोप गर्नेहरू पनि दुई दिनपछि शान्त हुन सक्छन्। यसले मतदानस्थललाई निर्वाचनमैत्री बनाउँछ। स्थिर समय तथा निर्वाचन आचारसंहिता मतदातामा पनि लागू हुन्छ। आचारसंहिता मान्ने, एकले अर्कोलाई सम्मान गर्ने, गलत काम नगर्ने परिपाटीले निर्वाचनलाई स्वच्छ र धाँधलीरहित बनाउन सघाउँछ। स्वच्छ र धाँधलीरहित चुनाव लोकतन्त्रको नैतिक ताकत हो। आचारसंहिता हरेक नागरिकसित जोडिएको कानूनीसँगै नैतिकताको कुरा पनि हो। यो समाज, राष्ट्र र व्यवस्थाको भविष्यसँग जोडिएको हुन्छ।**

**बितेका चुनावहरूमा मौन अवधि उल्लङ्घन भएका घटनाहरू धेरै देखिए। कतिपय घटनामा निर्वाचन आयोगले स्पष्टीकरण सोधेको थियो। अधिकांश घटनामा न कसैले उजूरी गऱ्यो, न अनुगमनकर्ताहरूको नजरमै पऱ्यो। यसपटक पनि स्थिर समय शुरू भएको प्रारम्भिक चरणमा उल्लङ्घनका केही हर्कत भएका छन्। यसको मूल्याङ्कन हुनुपर्छ। निर्वाचन आयोगले बनाएको आचारसंहितामा हस्ताक्षर गरेर शपथ लिएका दलहरूले त्यसको पालना गरे–नगरेको मूल्याङ्कन गर्ने दायित्व सिङ्गो मुलुकवासीको हो। निर्वाचन आचारसंहिता दलहरूका लागि नैतिक बन्धन पनि हो। तर अधिकांश राजनीतिक दल र तिनका उम्मेदवार ४८ घण्टाको अवधिलाई मत आफूतिर तान्ने अवधिको रूपमा उपयोग गर्न चाहिरहेका हुन्छन्। त्यसका लागि उनीहरूले साम, दाम, दण्ड, भेद सबै रणनीति अख्तियार गर्ने कुरा विभिन्न घटनाहरूले पुष्टि गरेका छन्। आचारसंहिता उल्लङ्घनका घटनामा निर्वाचन आयोग पनि शून्य सहनशील बन्न जरुरी छ।**

# आर्थिक विकासले ल्याएको विनाश र कोप २७

अर्थविशेष




विश्वराज अधिकारी
akoutilya@gmail.com


**भारत, चीन, ब्रजील, इन्डोनेशियाजस्ता राष्ट्रले ऊर्जाका परम्परागत स्रोतको प्रयोग बन्द गर्न सक्तैनन् र गर्दैनन् पनि। वातावरणलाई थप प्रदूषित पारि नै रहन्छन्। र पृथ्वी तातो हुने क्रम रोकिँदैन। पृथ्वीको तापक्रममा वृद्धि हुनुको साथै प्राकृतिक विपद् पनि थपिइरहने छ।**

तीव्र गतिका र अति सुविधायुक्त यातायातका साधन प्रयोग गर्नु, जाडोमा न्यानो र गर्मीमा शीतल हुने घरमा बस्नु, सूचना एवं प्रविधिका अति विकसित माध्यम प्रयोग गर्नु, मनोरञ्जनका अनेक स्तरीय साधन प्रयोग गर्नु र जीवनयापन सरल एवं मनलाई आनन्द दिने साधन र सुविधा प्रयोग गर्नुलाई अहिलेसम्मको स्थापित विश्व–मान्यताले आर्थिक विकास मानेको छ। उपरोक्त सुविधाहरू आफ्ना नागरिकलाई प्रदान गर्ने राष्ट्रलाई विकसित देश भनिएको छ भने आफ्नो नागरिकलाई यस्ता सुविधा उपलब्ध गराउन प्रतिपल प्रयत्नरत देशहरूलाई विकासशील राष्ट्र भनिएको छ। अत्यधिक भौतिक साधन उपयोग गरेर जीवन सरल पार्नु अहिले विश्वका प्रत्येक देशका नागरिकको सपना हो। र यो सपनाको पछाडि अहिले संसारभरिका मानिस दौडिरहेका छन्। परिवार, समाज र स्वदेश परित्याग गरेर संसारका अनेक धनी राष्ट्रमा पुगिरहेका छन्।

अनेक किसिमका भौतिक वस्तु र सेवा प्रयोग गर्नका लागि हामीले कति ठूलो मूल्य चुकाइरहेका छौं भन्ने जानकारी भने थोरै मान्छेलाई छ। अति विलासी जीवनयापन र सुविधाका वस्तुहरूको अति उपयोगले गर्दा अहिले मानव सभ्यता नष्ट हुने खतरा उत्पन्न भएको छ। यसले पृथ्वीको स्वरूप विनाशकारी किसिमले परिवर्तन हुन सक्ने भविष्यवाणी गर्न थालिएको छ। भोलिका दिनमा मानव सभ्यताको स्थिति के होला र पृथ्वीको स्वरूपमा के कस्तो विनाशकारी परिवर्तन होला त्यो त भोलिका दिनहरूले देखाउने छन् तर अति आर्थिक विकासले भने यो पृथ्वी ज्यादै तातेर कतै बाढी–पैरो गएको, कतै सुख्खाले गर्दा खाद्यान्न उत्पादन हुन नसकेको र कतै ठूला–ठूला आगलागीको स्थिति भएको अहिले नै देखिन थालेको छ। हालै पाकिस्तानमा आएको अति विनाशकारी बाढीले हजारौंको ज्यान लिएको, लाखौं विस्थापित भएका तथा ठूलो मात्रामा धनमालको क्षति भएको घटनाले यस कुराको पुष्टि गर्दछ।

हाम्रो जीवन सरल र सुविधायुक्त बनाउने जे जति वस्तु–जस्तै, वातानुकूलित भवन, रेल, मोटर, हवाइजहाज, पानीजहाज आदि छन् तिनको सञ्चालन गर्न ऊर्जा आवश्यक पर्दछ। यसैगरी सुविधा वृद्धि गर्न प्रयोग गरिने जे जति वस्तुहरू छन् र जुन उद्योगहरूमा उत्पादन हुन्छन् ती उत्पादन गर्न पनि ऊर्जा चाहिन्छ। निष्कर्षमा भन्ने हो भने अहिलेको यो आधुनिक युगमा हामीले प्रयोग गर्ने सम्पूर्ण वस्तु एवं सेवा उत्पादन गर्न ऊर्जा आवश्यक पर्दछ। ऊर्जाको अभावमा हामी अहिले केही गर्न सक्तैनौं। ऊर्जाको अभावमा, अहिले मानव सभ्यता गतिहीन हुन पुग्छ। अहिलेको मानव सभ्यता ऊर्जामा निर्भर छ।

आधुनिक जीवनको अभिन्न अङ्ग हुन पुगेको ऊर्जाको प्रमुख स्रोत भने तीनवटा मात्र छ। पेट्रोलियम पदार्थ (Petroleum Products–Crude Oil), कोइला र प्राकृतिक ग्याँस ऊर्जाका प्रमुख तीन स्रोत हुन्। यी स्रोतहरूको अहिले ठूलो मात्रामा प्रयोग भइरहेको छ। र यी स्रोतहरूले यो पृथ्वीलाई असाधारण किसिमले तातो पारिरहेका छन्। अर्थात् यी तीन परम्परागत ऊर्जाका स्रोत प्रयोग गर्दा यो पृथ्वी असामान्य किसिमले तातिरहेको छ। पृथ्वी तातेर अधिक वर्षा, अधिक सुख्खा, आगलागीजस्ता घटना भइरहेका छन्। सन् २०२२ मा क्यालिफोर्नियामा भएको ठूलो आगलागीलाई यसै तथ्यसँग जोडेर हेरिएको छ।

मुख्यगरी यातायातका साधन र उद्योग सञ्चालन गर्न पेट्रोलियम पदार्थ, कोइला र प्राकृतिक ग्याँसको ठूलो मात्रामा प्रयोग हुन्छ। र यी ऊर्जाका स्रोतहरूको प्रयोग हुँदा ठूलो मात्रामा कार्बन उत्पादन (विसर्जन) हुन्छ र त्यो कार्बन यो पृथ्वीको वातावरणमा गएर मिसिन्छ। त्यो कार्बनले ताप उत्पादन गरेर पृथ्वीलाई थप तताउने गर्छ।

विकसित देशहरूले विकासशील देशहरूको तुलनामा बढी कार्बन उत्पादन गर्छन्। विकसित देशहरूमा औद्योगिक र व्यापारिक गतिविधि बढी हुने भएकोले ती देशहरूले बढी कार्बन उत्पादन गर्नु स्वाभाविक हुन आउँछ। विकसित देशहरूको सङ्ख्या कम भएकोले अहिलेसम्म उनीहरूले उत्पादन गर्ने कार्बनको मात्राले पृथ्वी तताउन महत्त्वपूर्ण भूमिका खेलेको थिएन। तर अहिले आर्थिक विकासको मैदानमा नयाँनयाँ खेलाडीहरू आएर उनीहरूले ठूलो परिमाणमा उद्योग सञ्चालन गर्दा पृथ्वी पहिलेको तुलनामा अहिले छिटै र विनाशकारी किसिमले तातिरहेको छ। चीन, भारत, ब्रजील, इन्डोनेशिया, दक्षिण अफ्रिकाजस्ता देशमा ठूलो परिमाणमा औद्योगिक गतिविधि हुने गरेको र यी देशहरूले गर्ने कार्बन विसर्जनको परिमाण ज्यादै ठूलो भएकोले नयाँ चिन्ता थपिएको छ। चीन र भारतले त पृथ्वीको तापक्रम बढाउने काम मात्र गरेका छैनन्, आफ्नै देशका विभिन्न शहरहरूलाई स्वास्थ्यको दृष्टिकोणले बस्नै नहुने पारेका छन्। भारतको दिल्ली र चीनका एनियाङ, फुशुन, यीगु शहरहरू यति बढी प्रदूषित भएका छन् कि त्यहाँ बस्ने मानिस अनेक किसिमका स्वास्थ्य समस्याहरू भोगिरहेका छन्। ऊर्जाका लागि चीन र भारत दुवै ठूलो परिमाणमा कोइला प्रयोग गर्छन्। उद्योगहरूमा कोइलाको अति प्रयोगले गर्दा चीनका केही शहरका आकाश सदा कालो रङ्गले छोपिएको देखिन्छ भने भारतको दिल्लीमा सवारीका साधनको अति प्रयोगले गर्दा त्यहाँको वायु प्रदूषण उच्च बिन्दुमा पुगेको छ। यी कारणले गर्दा दिल्लीमा बस्ने ती मानिस, जो धूमपान गर्दैनन्, उनीहरूले पनि दिनको २० देखि २४ वटा सिगरेट पिए बराबरको धूवाँ निल्नुपरिरहेको छ। छोटो समयमा, चीन र भारतले गरेको अति आर्थिक विकासको मूल्य संसारले चुकाइरहेको छ। मुख्यगरी अफ्रिका र गरीब देशहरूले चुकाइरहेका छन्। अफ्रिकी विभिन्न देशमा सुख्खाले गर्दा खाद्यान्नको राम्रो उत्पादन हुन सकेको छैन। र ती देशहरू अहिले भोकमरीको समस्या बेहोरिरहेका छन्। अफ्रिकाका केही देश– इथियोपिया, केन्या, सोमालियामा सुख्खाको कारण अन्न उत्पादन कम भएर, भोकले गर्दा, हजारौंको ज्यान जाने स्थिति उत्पन्न भएको छ। अफ्रिकाका ती देशहरूमा 'ग्लोबल वार्मिङ' ले गर्दा सुख्खाको समस्या आएको हो। अर्थात् पृथ्वी बढी तातेर त्यस्तो भएको हो।

औद्योगिक क्रान्तिको सूत्रपात बेलायतबाट भएको थियो। औद्योगिक क्रान्ति पूर्व यो संसारले ग्लोबल वार्मिङको समस्या भोग्नुपरेको थिएन। पृथ्वी अहिलेको जस्तो तातेको थिएन किनभने उद्योगहरूको स्थापना भएको थिएन। औद्योगिक क्रान्तिसँगै, उद्योगहरूको विस्तार सँगै, देशहरूले आर्थिक समृद्धि हासिल गर्ने क्रमसँगै, कार्बन विसर्जन ठूलो मात्रामा हुन थाल्यो र पृथ्वी अस्वाभाविक किसिमले तात्न थाल्यो। अर्थात् आर्थिक विकासले विनाश ल्याउने क्रम प्रारम्भ भयो।

आर्थिक समृद्धि त्यतिकै आउँदैन, त्यसका लागि मूल्य पनि चुकाउनुपर्छ। तर अहिले स्थिति फरक देखिएको छ। धनी देशले ग्लोबल वार्मिङको कुअसर कम पार्न सकेका छन् तर गरीब देशहरू सकिरहेका छैनन् र ग्लोबल वार्मिङजन्य अनेक विकराल समस्या भोगिरहेका छन्।

यहाँ एउटा रोचक कुरा के छ भने ग्लोबल वार्मिङले धनी वा गरीब विश्वका सबै देशका नागरिकलाई कम वा बढी पिरोल्ने हुँदा अहिले विश्वका विभिन्न देशहरू ग्लोबल वार्मिङ समस्या कम पार्न अथवा सफा एवं नवीकरणीय ऊर्जा प्रयोग गर्न सहमत भएका छन्। र त्यही कार्यलाई भन्नै महत्त्व दिन अहिले इजिप्टको सार्म अल शेख शहरमा एउटा सम्मेलन गर्न भेला भएका छन्। यो विषयलाई गम्भीर रूपले लिएका छन्। यसै महीना, नोभेम्बर ०६, २०२२ देखि प्रारम्भ भएको उक्त सम्मेलन नोभेम्बर १८, २०२२ सम्म चल्ने छ। संयुक्त राष्ट्र सङ्घले आयोजना गरेको तथा कोप २७ (COP 27–Conference of the Parties) नाम दिइएको उक्त सम्मेलनले मुख्यगरी तीन विषयमा छलफल गर्नेछ। ती विषय हुन्– १. कसरी संसारभरि कार्बन विसर्जन कम पार्ने, २. विभिन्न देशलाई वातारणमा हुने परिवर्तनको सामना गर्न कसरी सहयोग गर्ने तथा ३. कार्बन विसर्जन कम पार्न एवं वातावरणमा हुने परिवर्तनको सामना गर्न विकासशील राष्ट्रहरूलाई धनी राष्ट्रहरूले कसरी सहयोग गर्ने।

वातावरणलाई अति प्रदूषित हुनबाट जोगाउन संयुक्त राष्ट्रसङ्घको आयोजनामा हुने यस किसिमको सम्मेलन जुन अहिले सार्म अल शेखमा भइरहेको छ, पहिलो भने होइन। सन् २०१५ मा पनि यस्तै सम्मेलन, संयुक्त राष्ट्रसङ्घको आयोजनामा, पेरिसमा भएको थियो र त्यस सम्मेलनको नाम 'पेरिस सम्झौता' राखिएको थियो। त्यो सम्झौतमा कार्बन विसर्जन कम पारेर पृथ्वीलाई थप प्रदूषित हुनबाट जोगाउन सहमति पनि भएको थियो।

पेरिस सहमतिले वातावरण प्रदूषण कम पार्न महत्त्वपूर्ण योगदान नपुऱ्याएझैं सार्म अल शेख सम्झौताले पनि वातावरण प्रदूषण कम पार्न महत्त्वपूर्ण भूमिका नखेल्ने देखिएको छ। विकसित र विकासशील दुवै किसिमका राष्ट्रहरू अहिले नै पेट्रोलियम पदार्थ, कोइला र प्राकृतिक ग्याँसको परिमाण घटाउन सक्ने स्थितिमा छैनन्। र त्यसरी घटाउनु भनेको उनीहरूको आर्थिक विकास अवरुद्ध हुनु हो। आफ्नो अहित गरेर लोकहित गर्न कुनै पनि राष्ट्र तयार हुन सक्तैन। विशेषगरी भारत, चीन, ब्रजील, इन्डोनेशियाजस्ता राष्ट्रले ऊर्जाका ती परम्परागत स्रोतको प्रयोग अहिले बन्द गर्न सक्तैनन् र गर्दैनन् पनि। उनीहरू वातावरणलाई थप प्रदूषित पारि नै रहन्छन्। र पृथ्वी तातो हुने क्रम रोकिँदैन। पृथ्वीको तापक्रममा वृद्धि हुनुको साथै प्राकृतिक विपद् पनि थपिइरहने छ। र हामी सबैले आर्थिक विकासको मूल्य चुकाइरहनुपर्नेछ, त्यस बेलासम्म जबसम्म सफा र नवीकरणीय ऊर्जाको विकास र प्रयोग सस्तो हुन सक्तैन।

# सप्तरी २ मा दुई पार्टी अध्यक्षबीच प्रतिस्पर्धा

सप्तरी, १ मङ्सिर/रासस

सप्तरी क्षेत्र नं २ मा चुनावी प्रतिस्पर्धा निकै रोचक बनेको छ। यस क्षेत्रमा प्रतिनिधिसभा सदस्यका लागि एमाले–जसपा गठबन्धनबाट जसपा अध्यक्ष उपेन्द्र यादव, जनमत पार्टीका



उपेन्द्र यादव



डा सिके राउत

मधेसवादी पृष्ठभूमिका दुईवटा दलका अध्यक्ष र गठबन्धनका उम्मेदवारबीचको प्रतिस्पर्धाले सप्तरी क्षेत्र नं २ को चुनावी प्रतिस्पर्धालाई रोचक बनाएको हो।

अध्यक्ष डा सिके राउत र वाम लोकतान्त्रिक गठबन्धनबाट लोसपाका नेता जयप्रकाश ठाकुरसहित १८ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्।




यस क्षेत्रमा अध्यक्षद्वय यादव, डा राउत र ठाकुरबीच रोचक प्रतिपस्र्धा हुने अनुमान गरिएको छ। प्रतिनिधिसभा तथा

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## समृद्धि, वैदेशिक लगानी र चुनावी घोषणापत्र

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो

shitalmahato@gmail.com

**राजनीतिक दलहरूले घोषणा गरेका परियोजना के-कसरी कार्यान्वयन गर्ने भनेर योजना पनि ल्याएका छैनन्, जुन घोषणापत्रमैं हुनुपर्ने थियो । यसरी घोषणपत्रमा ठूल्ठूला परियोजना बनाउँछु भन्ने, तर वैदेशिक लगानी तथा मल्टिनेशनल कम्पनीलाई प्रोत्साहन नगर्ने भन्ने हुँदैन ।**

अहिले मुलुक सङ्घीय र प्रादेशिक निर्वाचनमा होमिएको छ। यही मङ्सिर ४ गते हुने निर्वाचनका लागि प्रायः सबै राजनीतिक दलले आआफ्नो चुनावी घोषणापत्र सार्वजनिक गरिसकेका छन्। चुनावी घोषणापत्र दलहरूको सिद्धान्त, उद्देश्य र योजना समेटिएको लिखित वाचा हो। त्यसकै आधारमा नागरिकले मत दिन्छ। सबै ठूला राजनीतिक दलले आसन्न निर्वाचनलाई लक्षित गरी आगामी पाँच वर्षभित्र मुलुकमा ठूल्ठूला परियोजना बनाउनेलगायत विभिन्न कार्यक्रम घोषणा गरेका छन्। तीमध्ये बढी क्षमतामा जलविद्युत् उत्पादन गर्ने, आफ्नै स्याटेलाइट र मल कारखाना बनाउनेलगायत थुप्रै महत्त्वाकाङ्क्षी आयोजना रहेका छन्। वास्तवमा लामो समयदेखि राजनीतिक सङ्क्रमणबाट गुज्रेको नेपालमा ठूल्ठूला विकास आयोजनाबारे बहस हुनु सकारात्मक हो, जसले समृद्धिको चाहनाको सङ्केत गर्दछ। तर नेपालको अहिलेको अर्थ-राजनीतिक व्यवस्थाको विश्लेषण गर्दा ती परियोजना पाँच वर्षभित्र बन्न सक्ने सम्भावना अत्यन्त न्यून छ। किनभने त्यस्ता परियोजना बनाउन अर्बौं, खर्बौं रुपियाँको लगानी आवश्यक पर्छ। यसका लागि नयाँ प्रविधिको आवश्यकता पनि त्यतिकै छ। नेपालको वार्षिक बजेटको आकार सानो छ। सरकार र निजी क्षेत्रसँग त्यसका लागि लगानी गर्न पर्याप्त वित्तीय स्रोत र प्रविधि पनि छैन। यस्तो अवस्थामा राजनीतिक दलले घोषणा गरेका परियोजना तथा कार्यक्रमका लागि वैदेशिक लगानीको आवश्यकता र महत्त्व ठूलो हुन्छ।

हुनत नेपालमा वैदेशिक लगानीको तथ्याङ्क उत्साहजनक देखिएको छैन। दक्षिण एशियामा सबैभन्दा कम वैदेशिक लगानी भित्र्याउने मुलुकमा नेपाल पर्दछ। कुल स्वदेशी गार्हस्थ्य उत्पादन (जिडिपी) को ०.५ प्रतिशतको अनुपातमा वैदेशिक लगानी आउने गरेको तथ्याङ्क छ। नेपालमा हालसम्म सबैभन्दा बढी वैदेशिक लगानी गर्ने मुलुक भारत हो। नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको वैदेशिक लगानीसम्बन्धी पछिल्लो प्रतिवेदन अनुसार नेपालमा आएको कुल वैदेशिक लगानीमध्ये भारतबाट ३० प्रतिशत र चीनबाट १५ प्रतिशत रहेको छ। नेपालको दिगो आर्थिक विकासका लागि अनुदान र सहयोगभन्दा पनि वैदेशिक लगानी बढी जरूरी छ। लगानीसँगै प्रविधि पनि आयात हुने र यसमा अनुदान र ऋणजस्तो अनावश्यक शर्त नहुने भएकोले हाम्रोजस्तो मुलुकका लागि वैदेशिक लगानी अपरिहार्य आवश्यकता बनेको छ। उक्त प्रतिवेदनले नेपालमा स्वीकृतिको तुलनामा ३६ प्रतिशत मात्रै विदेशी लगानी भित्रिएको देखाएको छ। यो तथ्य हाम्रा लागि चिन्ताको विषय हो, तर नौलो भने पक्कै होइन। नेपालमा विदेशी लगानीको प्रतिबद्धता आउने तर प्रतिबद्धता अनुसार विदेशी लगानी नआउने प्रवृत्ति पुरानै हो।

नेपालको आर्थिक विकास र समृद्धिका लागि उचित माध्यम बनेको वैदेशिक लगानी किन आउन सकेको छैन त ? विदेशी लगानीका अवरोधहरू के-के हुन् ? नेपाललाई किन विदेशी लगानी चाहिएको हो ? कसरी भित्र्याउन सकिन्छ ? यी विषयमा व्यापक छलफल तथा समीक्षा हुने गर्दछ, तर प्राप्त निष्कर्ष कार्यान्वयन हुने गरेको छैन। नेपालमा विदेशी लगानी अपेक्षा अनुसार आउन नसक्नु अथवा प्रतिबद्धता अनुसार विदेशी लगानी भित्रिन नसक्नुका केही मुख्य कारणहरू छन्। तीमध्ये सबैभन्दा बढी झन्झटिलो र लामो प्रशासनिक प्रक्रिया हो। लगानीकर्ताले विभिन्न मन्त्रालय, विभाग, समितिलगायत दर्जन बढी निकाय धाउनुपर्छ, त्यहाँबाट स्वीकृति लिनुपर्छ। विदेशमा एक दिनमा हुने काम नेपालमा एक महीना लाग्छ। अनि विदेशी लगानीकर्ता हतोत्साही हुन्छन्। त्यसो त लगानीकर्तालाई एकद्वार सेवा दिन सरकारले लगानी बोर्ड नेपाल स्थापना गरेको छ, तर यसले काम गर्न सकेको छैन। वैदेशिक लगानी प्रभावकारी बनाउन यस्ता पक्षमा ध्यान जानु जरूरी छ। वैदेशिक लगानी सामान्यतया निजी क्षेत्रबाट आउने गर्छ, जसले नाफामूलक व्यवसायमा लगानी गर्छ। तर राजनीतिक दलहरूले घोषणा गरेका परियोजना के-कसरी कार्यान्वयन गर्ने भनेर योजना पनि ल्याएका छैनन्, जुन घोषणापत्रमैं हुनुपर्ने थियो। यसरी घोषणपत्रमा ठूल्ठूला परियोजना बनाउँछु भन्ने, तर वैदेशिक लगानी तथा मल्टिनेशनल कम्पनीलाई प्रोत्साहन नगर्ने भन्ने हुँदैन। त्यसैले अब बन्ने सरकार र प्रतिपक्षमा बस्ने सबै दल मिलेर वैदेशिक लगानी, मल्टिनेशनल कम्पनी र प्रविधि भित्र्याउन जोड दिनुपर्छ। विशेषगरी, सार्वजनिक-निजी साझेदारी (पिपिपी) मोडेलमा लगानी खोज्नुपर्छ। नत्र लगानी अभावकै कारण परियोजना नबन्ने अवस्था पनि आउन सक्छ।

पछिल्लो दशकमा नेपालभित्र बैंकिङ, जलविद्युत्, सिमेन्ट उद्योग, टेलिकम क्षेत्रको व्यापक विकास भएको छ, त्यसको कारण पनि वैदेशिक लगानी र मल्टिनेशनल कम्पनी नै हुन्। बैंकिङ क्षेत्रमा नबिल बैंकले (तत्कालीन नेपाल अरब बैंक)ले सबैभन्दा पहिले वैदेशिक साझेदार भित्र्याएको हो। पछि स्ट्यान्डर्ड चार्टर्ड बैंक, एसबिआईजस्ता विदेशी बैंक पनि नेपाल भित्रिए। उनीहरूसँगै बैंकिङ क्षेत्रमा विदेशी प्रविधि पनि आयो, फलस्वरूप नेपालको बैंकिङ क्षेत्र अहिले व्यवस्थित भएको छ। त्यस्तै सिमेन्ट उद्योगमा चीनको होङ्सी, हुवासिङ कम्पनीको लगानी आएको छ भने टेलिकम क्षेत्रमा मल्टिनेशनल कम्पनी एनसेल आएको छ। जलविद्युत् क्षेत्रमा पहिले नर्वे तथा अमेरिका हुँदै अहिले चीन, भारतलगायत देशबाट लगानी आइरहेको छ। लगानीसँगै उक्त क्षेत्रमा विदेशी प्रविधिको पनि आगमन भएको छ। यसरी वैदेशिक लगानी र प्रविधि आएका नेपालका उक्त क्षेत्रहरू विकसित भइसकेका छन्। तर वैदेशिक लगानी आउन नसकेका कृषि, उद्योगलगायत क्षेत्रको पर्याप्त विकास हुन सकेको छैन। अहिले उत्पादन बढाउन प्रविधिको प्रयोग अत्यावश्यक छ।

नेपालजस्तो सीमित आन्तरिक स्रोत साधन, नीति र ऐन कानूनमा दोहोरोपन र तिनको कार्यान्वयनको अवस्था फितलो, कार्यान्वयनमा आवश्यक विशेषज्ञ र दक्ष जनशक्तिको अभावजस्ता कारणले गर्दा ठूल्ठूला आयोजना कार्यान्वयन गर्नु अझै चुनौतीपूर्ण देखिन्छ। यसका साथै नेपालमा ठूल्ठूला परियोजनाको विकास गरेको अनुभव प्रायः नभएकोले राजनीतिक दल र सर्वसाधारणमा समेत यस्ता परियोजनाबारे अस्पष्टता देखिनुलाई स्वाभाविकै मान्नुपर्दछ। त्यसैले ठूल्ठूला विकास परियोजनाहरूको कार्यान्वयनका लागि विदेशी लगानी भित्र्याउनु राजनीतिक दल र अब बन्ने सरकारको पहिलो प्राथमिकता हुनुपर्दछ। जलस्रोतमा विश्वकै दोस्रो धनी राष्ट्र, पर्यटकीय रूपमा विश्वकै उत्कृष्ट गन्तव्यमध्ये एक, एशियाकै सबैभन्दा ठूलो अर्थ व्यवस्था भएको भारत र चीनको बीचमा रहेको भौगोलिक अवस्थितिका कारण यी देशको ठूलो बजार, कृषि तथा शिक्षा, स्वास्थ्य लगायत केही सेवा क्षेत्रमा प्रचुर सम्भावना बोकेको कारण नेपाल लगानीका लागि उपयुक्त र उत्कृष्ट गन्तव्य पनि हो। तर अवसरसँगै थुप्रै चुनौती पनि यथावत् छ।

मुलुकको विकास र समृद्धिका लागि अपार स्रोत र साधनको सम्भावना बोकेको नेपालभित्र रोजगार सिर्जना गर्ने वातावरण नहुँदा सबल राष्ट्र निर्माणमा ठूलो चुनौती उत्पन्न भएको छ। त्यसो त समृद्ध नेपाल निर्माणका लागि अगाडि बढ्ने प्रयत्न हुँदै नभएको भने होइन। तर त्यस्ता प्रयास र पहलहरू राजनीतिक खिचातानीका कारण प्रभावकारी सिद्ध हुन सकेका थिएनन्। त्यसैले समृद्ध र सबल राष्ट्र निर्माणका लागि वैदेशिक लगानी भित्र्याउनु अहिलेको अपरिहार्य आवश्यकता हो र यसतर्फ विशेषगरी ठूला राजनीतिक दल र अब बन्ने सरकारको सम्पूर्ण ध्यान केन्द्रित हुनुपर्छ। अहिले आइरहेको लगानी प्रतिबद्धतालाई आगामी दिनमा अझ बढाउँदै लैजान सरकारले नेपालमा विधिको शासन स्थापित गर्नैपर्छ। यसका साथै वैदेशिक लगानीतर्फ सरकारी दृष्टिकोण सकारात्मक हुनुपर्दछ। यहाँका निजी क्षेत्रले पनि पूर्ण विश्वासका साथ मुलुकमा लगानी गरी आर्थिक क्रियाकलापलाई अझ बढी गतिशील बनाउन सक्नुपर्दछ। मुलुकमा परिवर्तनको अभास त्यतिखेर हुन्छ, जति बेला राजनीतिक परिवर्तनसँगै समाज विकास र समृद्धितिर लम्किन्छ। यतिबेला आम नेपालीले महसूस गर्ने तहमा, त्यो पनि तीव्र गतिमा पूर्वाधार विकास निर्माणका कार्य अघि बढाउन सक्नुपर्दछ। यसका लागि वैदेशिक लगानी भित्र्याउनु अहिलेको अपरिहार्य आवश्यकता हो।

## गर्दौलमा एक अर्ब ४० करोडको जूस उद्योग सञ्चालन

प्रस, परवानीपुर, १ मङ्सिर/

मधेस आन्दोलन र नाकाबन्दीपछि वीरगंज-पथलैया औद्योगिक करिडरमा खासै नयाँ लगानीहरू लागेको छैन। तर केही उद्योगहरू अर्बौंको लगानी गरेर पनि सञ्चालनमा आएका छन्। दुई वर्ष पहिले परवानीपुरमा बहुराष्ट्रिय बिस्कुट उद्योग ब्रिटानिया सञ्चालनमा आएको थियो भने अहिले सो क्षेत्रमा जग्गाको भाउ आकाशिएपछि लगानीकर्ताहरू वीरगंज-ठोरी हुलाकी राजमार्ग अन्तर्गतको सडकखण्ड छेउछाउ लगानी गरिरहेका देखिएको छ।



विन्ध्यवासिनी गापा-१ गर्दौलस्थित साउथ एशियन बेभरेज प्रालि। तस्वीरः प्रतीक

नेपालकै एउटा ठूलो व्यावसायिक घराना विशाल समूहले एक अर्ब ४० करोडको लगानीमा जूस उद्योग सञ्चालनमा ल्याएको छ। विन्ध्यवासिनी गाउँपालिका-१ गर्दौलमा ८ बिघा क्षेत्रफलमा फैलिएको सो उद्योगको काम एक वर्ष पहिलेदेखि शुरू भएको थियो। उद्योगले कात्तिक २४ गतेदेखि परीक्षण, उत्पादन शुरू गरेको उद्योगका मानव संसाधन प्रमुख (एचआर) दिलबहादुर पहाडीले बताए।

सो उद्योगमा बहुराष्ट्रिय पार्ले एग्रो इन्डियासँग फ्रेन्चाइज लिएर फ्रुटी जूस उत्पादन भइरहेको छ। हाल १६० एमएल र २०० एमएलको फ्रुटी उत्पादन भइरहेको उनले बताए। साउथ एशियन बेभरेज प्रालिको नामले सञ्चालन भएको उक्त उद्योगको प्लान्ट तथा प्रविधि परीक्षण गर्नको लागि परीक्षण उत्पादन शुरू भएको र प्लान्टको कमी, कमजोरीलाई ठीक पार्ने काम भइरहेको उनले बताए। औपचारिकरूपमा फागुनदेखि सो उद्योगले उत्पादन शुरू हुने लक्ष्य रहेको व्यवस्थापन पक्षको भनाइ छ।

यो उद्योगभन्दा पहिले वीरगंजकै व्यवसायी एवं होटल मकालुका सञ्चालक दीपक श्रेष्ठले बाराको छातापिपरामा रहेको सनराइज बेभरेज प्रालिबाट फ्रुटी जूस र बेली पानी उत्पादन गर्दै आएका थिए। भारतीय कम्पनीले रोयल्टीको विषयमा असन्तुष्ट हुँदै सनराइज बेभरेजसँग सम्झौता तोडेको थियो। त्यसपछि पार्ले एग्रो समूहसँग नेपालको विशाल समूहले फ्रेन्चाइज लिएको हो।

हाल बिहान ८ बजेदेखि राति ८ बजेसम्म दिनको १२ घण्टा सञ्चालन भइरहेको उद्योगमा ८२ जना स्थानीयले रोजगार पाएको र पूर्ण सञ्चालनको अवस्थामा पुगेपछि उद्योगमा करीब डेढ सयभन्दा बढीले रोजगार पाउने लक्ष्य छ।

अहिले जूस मात्र उत्पादन गर्ने र पछि बेली पानी पनि उत्पादन गर्ने तयारी छ। उद्योगको लागि भारत तथा अन्य मुलुकबाट मेशिन तथा प्रविधि भित्र्याइएको बताइएको छ। बजारको माग अनुसार उद्योगले उत्पादन गरी चाँडै बजारमा पुऱ्याउने कम्पनीको भनाइ छ।

## तनहुँ जलविद्युत् आयोजनाको ५६० मिटर सुरुङ निर्माण

तनहुँ, १ मङ्सिर/रासस

तनहुँ जलविद्युत् आयोजनाको विद्युत् गृहतर्फ ५६० मिटर सुरुङ खन्ने कार्य सम्पन्न भएको छ। कुल १,४०८ मिटर लामो सुरुङ खन्नुपर्नेछ।

विद्युत् गृह अन्तर्गत सुरुङ निर्माण कार्यमा ४७५ जना जनशक्ति परिचालन गरिएको आयोजनाको वातावरण शाखाका प्रतिनिधि सन्तोष तिवारीले जानकारी दिए। बाँधस्थलबाट पनि छिट्टै सुरुङ खन्ने कार्य अघि बढाइने छ। उनले भने-"आयोजनाले चौबीसै घण्टा निर्माण कार्य अघि बढाएको छ।" प्याकेज २ अन्तर्गत १, २ र ३ को विद्युत् गृह जाने टनेलको सबै काम सम्पन्न भइसकेको छ।

ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन १४० मेगावाट क्षमताको उक्त आयोजनाको निर्माण कार्यलाई तीव्रता दिइएको छ। पानी निस्कने सुरुङको ढलान गर्ने काम भइरहेको आयोजनाका सहायक निर्देशक भोजराज पोखरेलले जानकारी दिए। उक्त प्याकेजको ठेक्का सोङ दा-कालिका जेभीले पाएको छ। त्यसैगरी प्याकेज २ अन्तर्गतको विद्युत् गृह खन्ने कामसमेत सम्पन्न भइसकेको छ।



आयोजनाको प्याकेज २ अन्तर्गत सुरुङ, विद्युत् गृह निर्माण र हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायत कामको जिम्मेवारी सिनो हाइड्रोपावर लिमिटेडले पाएको छ। सिनो हाइड्रोपावर लिमिटेडले ८९ मिटर लामो, २२ मिटर चौडा र ५१ मिटर अग्लो भूमिगत विद्यृत् गृहको सुरुङ खन्ने काम सम्पन्न गरेको आयोजनाले जनाएको छ।

विद्युत् गृहको सुरुङ खन्ने काम सन् २०२० अगस्तदेखि प्रारम्भ भएको हो।

सिनोहाइड्रो कम्पनीले ४३७.१ मिटर लामो सुरुङ खन्ने काम सम्पन्न गरिसकेको छ। २८०.८५ मिटर लामो मुख्य पहुँच सुरुङ र बाँधस्थल जाने ३१४ मिटर लामो पहुँच सुरुङ निर्माण कार्य पनि सम्पन्न गरेको छ।



**कुश्मा बजार**ः पर्वतको कुश्मा र बागलुङको बलेवासँग जोडिएको बन्जी पुल र बन्जी परिसरमा पर्यटक लोभ्याउन बनाइएको कृत्रिम हात अनि पृष्ठभूमिमा कुश्मा बजार । तस्वीरः रासस

## अदुवा किन्न गाउँमैं व्यापारी

मुसीकोट, १ मङ्सिर/रासस

रूकुमपश्चिम त्रिवेणी गाउँपालिका पोखरीका शेरबहादुर खड्का यतिबेला बारीमा लगाएको अदुवा खन्नमा व्यस्त छन्। व्यापारी घरमैं अदुवा खरीद गर्न आउन थालेपछि उनलाई अदुवा खन्न भ्याइनभ्याइ भएको हो।

उनको दैनिकी बारीमा अदुवा खन्ने र खनेको अदुवा केलाउनेमा बित्ने गरेको छ। उनले २० क्विन्टल अदुवाको बीउ लगाएको छन्। अहिलेसम्म उनले ८० क्विन्टल अदुवा निकालेका छन्। उनले २० क्विन्टल अदुवा लगाएकामा ८० क्विन्टल अदुवा फलेको हो। अदुवाखेती गर्न निकै सजिलो हुने भएकाले मकै छाडेर अदुवाखेतीमा आकर्षित भएको खड्काले बताए।

"व्यापारीले रु तीन हजारमा एक

(बाँकी चौथो पातामा)

# कोप २७ : विश्वका धनी देशहरूले गरीब देशहरूलाई केका लागि जबरजस्ती गरिरहेका छन् ?

इजिप्टमा जलवायु परिवर्तनको मुद्दामा कोप २७ बैठकमा हाबी हुन सक्ने दुई शब्द 'हानि' र 'क्षति' हुन्।



फिलिपींसमा आएको समुद्री तुफान 'वेमको' बाट भएको क्षति।

तर यी दुई शब्दको अर्थ के हो र किन बहस भइरहेको छ।

जलवायु परिवर्तनका सम्बन्धमा हालसम्म भएका सबै वार्ता हरितगृह ग्याँस न्यूनीकरण र जलवायु परिवर्तनको असरबाट बच्ने उपाय खोज्नमा केन्द्रित छन्।

तर यो वर्षको बैठकमा तेस्रो मुद्दामा पनि छलफल हुन सक्छ।

के जलवायु परिवर्तनमा प्रमुख भूमिका खेल्ने औद्योगिकीकरणबाट लाभान्वित भएका देशहरूले जलवायु परिवर्तनबाट प्रत्यक्ष असर परेका देशहरूलाई आर्थिक भुक्तानी गर्नुपर्छ ?

जलवायु परिवर्तनका कारण बाढी, खडेरी, समुद्री आँधी, पहिरो, वन डढेलो जस्ता प्रकोपका सङ्ख्या र प्रभाव बढ्दै गएका छन्।

र यी प्रकोपहरूको शिकार भएका देशहरूले क्षतिको भरपाई गर्न आर्थिक सहयोगको लागि अनुरोध गरिरहेका छन्।

'हानि' र 'क्षति' शब्दको संयोजनको अर्थ यही हो।

घर, जग्गा, खेतबारी र व्यावसायिक प्रतिष्ठानमा हुने क्षतिका साथै मानवजीवन, सांस्कृतिक स्थलहरू र जैविक विविधताको हानि जस्ता गैरआर्थिक क्षतिलाई जनाउँछ।

**'हानि' र 'क्षति'मा कुरा गर्न तयार**

नोभेम्बर ६ मा कोप २७ शुरू हुनुअघि दुई दिनको गहन वार्तापछि यसलाई आधिकारिक एजेन्डामा समावेश गर्न प्रतिनिधिहरू सहमत भएका छन्।

गरीब देशहरूले माग गरिरहेका रकम जलवायु वित्तपोषण अन्तर्गत तोकिएको १०० अर्ब डलरभन्दा फरक छ।

धनी देशहरूले जलवायु परिवर्तनसँग अनुकूलन गर्न र हरितगृह ग्याँस घटाउन गरीब देशहरूलाई प्रत्येक वर्ष १०० अर्ब डलर दिने सहमति गरेका छन्।

क्लाइमेट एक्शन नेटवर्क इन्टरनेशनलका एक वैश्विक राजनीतिक रणनीतिकार हरजीत सिंह बताउँछन्, "गम्भीर आँधी र बाढीका साथै हिमनदीहरू पग्लिंदा मानिसहरूले हानि र क्षतिको पीडा भोगिरहेका छन्।

र विकासोन्मुख देशहरूमा बसोबास गर्ने मानिसहरू जो एक प्रकोपको शिकार भएपछि अर्को प्रकोप आउनुभन्दा पहिले त्यसबाट तङ्ग्रिन पर्याप्त सहयोग पाउन सक्दैनन्। यस सङ्कटका लागि सबैभन्दा कम जिम्मेवार समुदाय यसबाट सबैभन्दा बढी प्रभावित छन्।

**'हानि' र 'क्षति'को लागि कति हर्जाना ?**

विश्वभरका एक सयभन्दा बढी अनुसन्धानकर्ता र नीतिविज्ञहरू जलवायु परिवर्तनका कारण हुने हानि र क्षतिको हर्जाना गणना गर्न काम गरिरहेका छन्।

यी विज्ञहरूको समूह 'लस एन्ड डयामेज कोलाबोरेसन'ले आफ्नो हालैको प्रतिवेदनमा जलवायु परिवर्तनका कारण सबैभन्दा कमजोर अर्थतन्त्रमध्ये ५५ राष्ट्रले सन् २००० देखि २०२० सम्ममा एक ट्रिलियन डलरको आर्थिक नोक्सानी बेहोर्नुपर्ने बताएको छ।

यस प्रतिवेदनका लेखकहरू बताउँछन्, "जलवायुको वर्तमान स्तरमा सानो वृद्धिको अर्थ जलवायु परिवर्तनको प्रभावमा थप वृद्धि हुनु हो। जलवायु परिवर्तनका कारण सन् २०३० सम्ममा हुने आर्थिक नोक्सानी २९० देखि ५८० अर्ब डलरसम्म हुने अनुमान गरिएको छ।



तस्वीरः रायटर्स

विश्वले पहिले नै पूर्वऔद्योगिक स्तरको तुलनामा जलवायुमा औसत १.१ डिग्री सेल्सियस वृद्धि देखेको छ।

गरीब र कम औद्योगिक देशहरूले भनेका छन् कि चरम मौसम घटनाहरूले उनीहरूले गरेका केही प्रगतिलाई बर्बाद गरिदिएको छ।



कतिपय देशहरूले आफूहरू ऋणमा दबिएको र आफूले भोगेको नोक्सानी र सोको क्षतिपूर्तिको लागि ऋण लिनुपर्ने बताए।

**कहिलेदेखि चलिरहेको छ यस मुद्दामाथि छलफल ?**

आजभन्दा सात वर्षअघि पेरिसमा भएको ऐतिहासिक जलवायु सम्झौताले यस कुरालाई स्वीकार गरेको थियो कि जलवायु परिवर्तनका कारण हुने हानि र क्षतिबाट बच्न र क्षतिको जोखिम कम गर्न कत्तिको महत्त्वपूर्ण छ।

तर यो कसरी गर्ने भन्ने टुङ्गो लागेको छैन।

जर्मन मन्त्री जोहान फ्लासबार्थ भन्छन्, "धेरै वर्षदेखि हानि र क्षतिको मुद्दा विवादास्पद छ। र यस विषयमा विकसित र विकासशील देशहरूबीच धेरै चर्का बहस भएका छन्।

विकसित देशहरू चिन्तित छन् कि ठूला उत्सर्जकहरूको लागि कानूनी दायित्व बन्न सक्छ। यस्तो अवस्थामा विकसित देशका लागि यो सधैं लक्ष्मणरेखा जस्तै भएको छ।"

इजिप्टका वार्ताकारहरूले भनेका छन् कि धनी देशहरू हानि र क्षतिको लागि कुनै दायित्व वा हर्जाना दिनुपर्ने बाध्यता स्वीकार गर्दैनन्।

विकासशील देशहरूले यसको विरोध गरेका छन्। त्यसपछि 'उत्तरदायित्व वा क्षतिपूर्ति'बारे छलफल नगर्ने निर्णय भएको छ। यद्यपि हानि र क्षतिबारे



कोप २७ मा छलफल गरिनेछ। यसको उद्देश्य अर्को वर्ष अबुधाबीमा हुने बैठकमा अन्तरिम निर्णय लिने र २०२४ मा अन्तिम निर्णय गर्ने हो।

संयुक्त राष्ट्र जलवायु परिवर्तन बैठकहरूमा अफ्रिका समूहका लागि मुख्य जलवायु वार्ताकार अल्फा ओमार कालोगा भन्छन्, "हामी निरन्तर नियमित, दिगो र अपेक्षित कोषको लागि आह्वान गरिरहेका छौं, ताकि विकासशील देशहरूले दैनिकरूपमा सामना गर्ने जलवायु सङ्कटलाई सम्बोधन गर्न सकून्।"

उनीहरू भन्छन् कि यो सम्झौता यस दिशामा प्रगतिको प्रतीक हो, तर हामीले यी वार्ताहरू कता जान्छन् हेर्नुपर्छ।

क्लाइमेट एक्शन नेटवर्कसँग सम्बद्ध हरजीत सिंहले यो करारलाई एउटा सम्झौताको रूपमा वर्णन गर्छन्।

उनी भन्छन्, "धनी देशहरूले विकासोन्मुख देशहरूलाई दबाब दिएर यस सम्झौतामा यो भाषालाई स्वीकार गर्न मजबूर गरेका छन्, जुन यी ऐतिहासिक प्रदूषकहरूलाई क्षति र दायित्वबाट जोगाउनेछ।

यतिमात्र होइन, त्यसो गर्दा धनी देशहरूले जोखिममा परेका जनता र देशलाई सहयोग गर्नेतर्फ उचित समर्पण देखाउन सकेका छैनन्। यस्तो अवस्था विश्वास तोड्नु जस्तै हो।

**हानि र नोक्सानमा मतभिन्नता किन ?**

हानि र क्षतिको लागि क्षति निर्धारण गर्न कुन निकाय जिम्मेवार हुनेछ भनेर निर्णय गर्न देशहरूलाई गाह्रो हुन सक्छ।

विकसित देशहरूले यसका लागि संयुक्त राष्ट्रसङ्घको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घको फ्रेमवर्क कन्भेन्सनमा व्यवस्था रहेको र यसले जिम्मेवारी वहन गर्न सक्ने बताउँछन्। यसका साथै यदि केही व्यवस्था UNFCC भन्दा बाहिर छ भने संयुक्त राष्ट्रसङ्घले त्यसको व्यवस्था गर्न सक्छ। तर विकासोन्मुख देशहरूले हाल सक्रिय रहेका संस्थाहरू यसका लागि उपयुक्त नभएको बताउँछन्।

संयुक्त राष्ट्रसङ्घको जलवायु परिवर्तन बैठकहरूमा ३९ साना टापू राष्ट्रहरूको समूह एओसिसको लागि जलवायु वित्त वार्ताकार मिथाई रोबर्टसन भन्छन्, "पाकिस्तान र नाइजेरियामा बाढीले विनाश गरिरहेको बेला यी संस्थाहरू कहाँ थिए, वा हालै इयान तूफानले क्यारेबियाली क्षेत्रलाई आफ्नो चपेटामा लिएको थियो। तिनीहरू हानि र क्षतिमा काम गर्दैनन्।"

एओसिस र अफ्रिका समूहले UNFCC सँग आबद्ध छुट्टै वित्तीय संस्थाको निर्माणको माग उठाइरहेका छन्। यी समूहहरूले यो संस्था विद्यमान जलवायु वित्त एजेन्सीहरूभन्दा फरक हुनुपर्छ भन्छन्।

तर यसका लागि छुट्टै संस्था बनाउने मागलाई सम्भवतः समर्थन नहुने फ्लासबार्थको भनाइ छ।

**कोप २७ अघि यस दिशामा कुनै प्रगति ?**

स्कटल्यान्डमा कोप २६ को समयमा, हानि र क्षतिको लागि एक मिलियन डलरभन्दा थोरै भुक्तानी गर्ने वाचा गरिएको थियो। गत महीना डेनमार्कले १३ मिलियन योगदान गर्ने बताएको थियो।

र गत हप्ता युरोपेली संसद्ले महामारीको प्रभावलाई कम गर्दै हानि र क्षतिबाट बच्न ऋणको सट्टा अनुदानमा विकासशील देशहरूलाई केन्द्रित गर्ने प्रस्ताव पारित गर्‍यो।

जी–७ र जोखिमको सामना गरिरहेका ५५ देशको समूह वी–२० भर्खरै 'जलवायु प्रकोपविरुद्ध विश्वव्यापी ढाल' नामक पहल शुरू गर्न सहमत भएका छन्।

यस पहल अन्तर्गत हानि र क्षतिको बीमा गरी आंशिकरूपमा रकम दिइनेछ।

एओसिसले भन्छ कि यो मान्य छैन किनकि वी–२० मा एओसिसमा जति धेरै सदस्य छैनन्।

मिचाइ रोबर्टसन भन्छन्, "जी–७ ले आफूले रोजेका देशहरू मात्र होइन, हामी सबैसँग कुरा गर्नुपर्छ।"

**के गरीब देशहरूले जलवायु वित्त कोष पाउँछन् ?**

वित्तीय संस्थाले जलवायु कोष जारी गरेसँगै यो रकम गरीब देशमा पुग्न समस्या भएको छ।

अन्तर्राष्ट्रिय वित्तीय संस्थाको नोकरशाहीका कारण आर्थिक कोष निकासा गर्न समय लाग्छ। र यो पैसा पुग्नुपर्ने देशमा खराब प्रशासन र भ्रष्टाचारको समस्या छ।

यद्यपि गरीब देशहरूले यसलाई हानि र क्षति पन्छाउने बहानाको रूपमा स्वीकार गर्दैनन्। –प्रतीक डेस्क (सौजन्य–बिबिसी)

## नेप्से परिसूचकमा दोहोरो अङ्कले वृद्धि

काठमाडौं, १ मङ्सिर/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक २५ दशमलव ५७ अङ्कले उकालो लागेर एक हजार ९३६ दशमलव ८३ मा पुगेको छ। निर्वाचनको माहोल अन्तिम चरणमा पुगेसँगै नेप्सेमा सकारात्मक प्रभाव देखिएको हो।




त्यस्तै, ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक चार दशमलव ४९ अङ्कले उकालो लागेर ३८१ दशमलव शून्य छमा पुगेको छ। कुल २२३ कम्पनीका ४३ लाख ८४ हजार चार कित्ता शेयर रु एक अर्ब ७१ करोड ५४ लाख १९ हजार २८६ बराबरको कारोबार भयो। आजको कारोबारपछि बजार पूँजीकरण रु २७ खर्ब ८६ अर्ब दुई करोड ३४ लाख ५१ हजार ३८७ बराबर रहेको छ।

नेप्सेका अनुसार कारोबार भएका कुल १३ उपसमूहकै शेयर मूल्य उकालो लागेको छ। कारोबारका आधारमा रिडी पावर कम्पनी शीर्ष स्थानमा छ। सो कम्पनीको रु १४ करोड ३९ लाख १५ हजार ९७२ बराबरको कारोबार भयो।

त्यस्तै, शिवम् सिमेन्ट रु १३ करोड ४० लाख २७ हजार २८८, हिमालयन डिस्टिलरी रु १० करोड २९ लाख ६३ हजार ८७३, फरवार्ड माइक्रोफाइनान्स रु सात करोड ९० लाख ६५ हजार २७४ र हिमालयन पावर पार्टनर रु छ करोड १३ लाख २६ हजार ८३२ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन्।

नेप्सेका अनुसार सिकेलेस हाइड्रोपावर र सयपत्री हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। बोटलर्स नेपाल तराई सात दशमलव ५१, रिडी पावर कम्पनी छ दशमलव शून्य तीन र पञ्चकन्यामाई हाइड्रोपावरका लगानीकर्ताले पाँच दशमलव ९९ प्रतिशतले कमाएका छन्।

त्यस्तै, फरवार्ड माइक्रोफाइनान्स दुई दशमलव ९७, इमर्जिङ नेपाल एक दशमलव ८७, तारागाउँ रिजेन्सी होटल एक दशमलव ६९, समता घरेलु लघुवित्त एक दशमलव ४० र युनिलिभर नेपालका लगानीकर्ताले शून्य दशमलव ९६ प्रतिशतले गुमाएका छन्।

## अदुवा किन्न गाउँमैं....

क्विन्टल अदुवा घरमैं पुगेर खरीद गर्छन्, बजारको कुनै समस्या छैन," खड्काले भने। किसानको घरमैं व्यापारी पुगेर अदुवा खरीद गरिदिन्छन्। गाउँ–गाउँमा सडक पुगेको छ। व्यापारी टचाक्टर लिएर अदुवा खरीद गर्न गाउँसम्मै पुग्ने गर्छन्। गाउँपालिकामा एउटा किसानले अदुवा बेचेर सिजनमा रु दुईदेखि पाँच लाखसम्म आम्दानी गर्छन्। पोखरीगाउँमा मात्रै ३२ घरपरिवारले व्यावसायिकरूपमा अदुवाखेती गरेका छन्।

गाउँपालिकाको सिम्रूतु, खारा, झुल्नेटा, बाघखोर र नुवाकोट डाँडामा अदुवा सङ्कलन गरी जिल्लाबाहिर निर्यात हुने गर्दछ। जिल्लाको त्रिवेणी गाउँपालिका र चौरजहारी नगरपालिकाका केही वडामा राम्रो अदुवा उत्पादन हुने गर्छ। अदुवा बेचेरै गाउँमा करोडौं रकम भित्रिने गरेको छ।

जिल्लामा उत्पादन हुने अदुवाको मूल्य भने निर्धारण गरिएको छैन। व्यापारीले फरक–फरक मूल्यमा अदुवा खरीद गर्ने गरेका छन्। नुवाकोट, झुल्नेटा, पाखेरी, सिम्रूतुमा अदुवाको मूल्य फरक–फरक छ।

## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०

# अन्तर्राष्ट्रिय समाचार

## अमेरिकी अदालतद्वारा प्रविधि चोरी गरेको अभियोगमा चिनियाँ गुप्तचर अधिकारीलाई २० वर्ष जेलको सजाय


जु यान्जुन। तस्वीरः एजेन्सी

वाशिङ्टन, १ मङ्सिर/एएफपी

अमेरिकी अदालतले अमेरिकी र फ्रान्सेली एयरोस्पेस फर्मबाट प्रविधि चोरी गरेको अभियोगमा एक चिनियाँ गुप्तचर अधिकारीलाई बुधवार २० वर्षको जेल सजाय सुनाएको छ।

विश्वको अग्रणी विमान इन्जिन निर्माताामध्येको एक 'जिई एभिएसन' र इन्जिन विकासमा जिईसँग काम गरिरहेको फ्रान्सको सफ्रान समूहबाट व्यावसायिक गोपनीयता चोरी गर्न चिनियाँ राज्य समर्थित पाँच वर्षीय योजनामा प्रमुख भूमिका खेलेको आरोप अभियुक्त जु यान्जुनमाथि लगाइएको थियो।

सन् २०१८ को अक्टोबरमा ओहायोको सिनसिनाटीस्थित सङ्घीय अदालतमा जिई एभिएसनमा मुद्दा दायर गरिएका दुईजना गुप्तचर अधिकारीसहित ११ जना चिनियाँ नागरिकमध्ये उनी एक थिए।

चीनको विदेश मन्त्रालयले बिहीवार शुमाथि लगाइएको आरोपलाई 'विशुद्ध बनावटी' भनेको छ।

चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता माओ निङले नियमित पत्रकार सम्मेलनमा भनिन्, "हामी अमेरिकालाई कानून अनुसार निष्पक्षरूपमा मुद्दा चलाउन र चिनियाँ नागरिकको वैध अधिकार र हितको रक्षा गर्न आग्रह गर्दछौं।"

चीनको राज्य सुरक्षा मन्त्रालयका गुप्तचर अधिकारीलाई अप्रिल २०१८ मा बेल्जियममा पक्राउ गरिएको थियो।

उनलाई संयुक्त राज्य अमेरिकामा सुपुर्दगी गरिएको थियो। उनलाई नोभेम्बर ५, २०२१ मा आर्थिक जासुसीको प्रयास, व्यापार गुप्त चोरीको प्रयास र दुई सम्बन्धित षडयन्त्रको अभियोगमा दोषी ठहर गरिएको थियो।

न्याय मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "जुले अमेरिकी उड्डयन कम्पनीहरूलाई निशाना बनाएका थिए, चीन भ्रमणका लागि कर्मचारी भर्ती गरेका थिए र चीनको सरकारका तर्फबाट उनीहरूको स्वामित्वको जानकारी मागेका थिए।

ओहायोका सङ्घीय अभियोजक केनेथ पार्करले भने, "यो घटनाले स्पष्ट सन्देश दिएको छ, हामी अमेरिकी व्यापार गोपनीयता चोर्न खोज्ने जो कोहीलाई पनि जवाफदेही बनाउनेछौं।" रासस

## आतङ्कवाद पाकिस्तानको सबैभन्दा जटिल समस्या -शहबाज शरीफ

पाकिस्तान, १ मङ्सिर/सिन्हवा

पाकिस्तानका प्रधानमन्त्री शहबाज शरीफले लक्की मारवातमा प्रहरी भ्यानमा भएको आक्रमणको निन्दा गर्दै आतङ्कवाद पाकिस्तानको प्रमुख समस्या रहेको बताएका छन्।

"हामी कुनै गलती नगरौं। आतङ्कवाद पाकिस्तानको प्रमुख समस्यामध्ये एक हो। हाम्रो सशस्त्र बल र प्रहरीले बहादुरीका साथ यो विपत्तिसँग लडेका छन्। लक्की मारवातमा प्रहरी भ्यानमा आतङ्कारी समूहले गरेको आक्रमणको निन्दा गर्न कुनै शब्द पर्याप्त छैन। मेरो साथ र प्रार्थना शोक सन्तप्त परिवारजनप्रति छ"- शरीफले ट्वीटरमा लेखेका छन्।

पाकिस्तानको खैबर पख्तुनख्वाको लक्की मारवातमा बुधवार आक्रमणमा परी छजना प्रहरीको मृत्यु भएको पाकिस्तानको डेली टाइम्सले जनाएको छ। पत्रिकाका अनुसार मोटरसाइकलमा आएका दुई विद्रोहीले भ्यानमा गोली चलाएका थिए।

प्रहरीका अनुसार आक्रमणकारीले अब्बासा रोड, वान्डा साहब खेलमा प्रहरी भ्यानमा आक्रमण गरेका थिए।

पाकिस्तानका गृहमन्त्री राना सनौल्लाले पनि लक्की मारवातमा प्रहरीमाथि भएको आक्रमणको निन्दा गरेका छन् र मुख्य सचिव र प्रहरी महानिरीक्षकसँग खैबर पख्तुनख्वा घटनाको रिपोर्ट मागेको बताएका छन्।

सङ्घीय गृहमन्त्री सनौल्लाले लक्की मारवातमा प्रहरी भ्यानमा भएको आतङ्कवादी आक्रमणको कडा शब्दमा निन्दा गर्दै घटनाप्रति चिन्ता व्यक्त गर्दै प्रहरी कर्मचारीको शहादतप्रति गहिरो दुःख र खेद व्यक्त गरेको उनको कार्यालयले ट्वीटर सन्देशमा लेखेको छ। रासस

## कार र ग्याँसका कारण अक्टुबरमा अमेरिकी खुद्रा बिक्रीमा वृद्धि

वाशिङ्टन, १ मङ्सिर/एएफपी

अक्टोबरमा अमेरिकी खुद्रा बिक्रीमा अपेक्षा गरिएभन्दा वृद्धि देखिएको छ। ग्याँसको उच्च मूल्य र कार बिक्रीका कारण बढेको मूल्यको दबाबको प्रभावपछि खर्चमा लचिलोपन देखिएको सरकारी तथ्याङ्कले देखाएको छ।

अमेरिकी उपभोक्ताहरूले किराना सामानदेखि लुगाफाटासम्म सबै चीज महँगो बनाएको कारण बढ्दो लागतलाई समायोजन गर्दा एक महिना अघि बिक्रीमा गिरावट आएको भए पनि अक्टोबरमा यसमा वृद्धि भएको छ।

दशकौंपछि उच्च मुद्रास्फीतिस्तरको सामना गर्दै, अमेरिकी फेडरल रिजर्भले यस वर्ष आफ्नो मानक ऋण दर पटकपटक बढाएको छ। विश्वको सबैभन्दा ठूलो अर्थ व्यवस्थालाई मन्दीमा धकेल्ने जोखिमको बावजुद यसमा लगातार चार उच्चस्तरका वृद्धि समावेश छन्। तर अक्टोबरमा खुद्रा बिक्री सेप्टेम्बरको तुलनामा १.३ प्रतिशतले बढेर ६९४.५ अर्ब डलर पुगेको वाणिज्य मन्त्रालयले जनाएको छ।

कार बिक्रीमा १.५ प्रतिशतले वृद्धि भएको र इन्धनको मूल्य बढेसँगै पेट्रोल पम्पमा बिक्रीमा ४.१ प्रतिशतले वृद्धि भएको छ।

यस वर्ष युक्रेनमा रुसले गरेको आक्रमणपछि ग्याँस पम्पहरूले उच्च मूल्यमा ग्याँस बेचेका छन् भने हालका हप्ताहरूमा यो रेकर्ड क्रमशः कम भएको छ।

अक्टुबरमा रेस्टुरा र बारको बिक्री पनि लचिलो रह्यो, जुन अघिल्लो महिनाको तुलनामा १.६ प्रतिशतले बढेको छ। तथ्याङ्क मौसमीरूपमा समायोजित गरिएको छ तर मूल्यमा परिवर्तनलाई ध्यानमा राख्दा त्यसले लागत बढ्दै जाँदा, किनमेलले डलरको भाउ विस्तार गर्दैन र अमेरिकी परिवारले मुख्य सामानहरूमा आफ्नो कमाइको अधिक प्रयोग गर्नुपरेको छ।

समग्रमा खुद्रा बिक्री गत वर्षको सोही अवधिको तुलनामा ८.३ प्रतिशतले बढी हो।

विशाल ई-कमर्स कम्पनी अमेजनसहित प्रविधि उद्योगमा समस्याको सङ्केतका बावजूद, अनलाइन खुद्रा बिक्रेताहरूको बिक्री गत महिना १.२ प्रतिशतले बढेको छ।

प्यान्थियन म्याक्रोइकोनोमिक्सका इयान सेफर्डसनले रिपोर्ट अघि हालैको विश्लेषणमा भनेका छन्-"बढ्दो मूल्यका अलावा, वास्तविक आयमा उल्लेखनीय दबाबका बावजुद नागरिकले महामारीको समयमा जम्मा भएको बचतलाई उपभोग कायम राख्नका लागि कम गर्न चाहेको देखिन्छ।"

सेप्टेम्बरमा कोभिड-१९ को अवधिमा थप व्यक्तिगत बचत १.३ ट्रिलियन अमेरिकी डलर रहेकोले यो प्रक्रिया अझै केही समय जारी रहने उनको अनुमान छ। उनले भने-"तर मानिसहरू बचतलाई अझ कम गर्न इच्छुक छन् कि छैनन् भन्ने कुरा स्पष्ट छैन।" रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष — चोरभय | वृष — भयचिन्ता |
| मिथुन — मित्रमिलन | कर्कट — कान्तिक्षय |
| सिंह — सुयश | कन्या — खर्चवृद्धि |
| तुला — मनोरञ्जन | वृश्चिक — सफलता |
| धनु — राज्यभय | मकर — रोगभय |
| कुम्भ — व्यापारवृद्धि | मीन — कष्टश्रम |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याहन १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो ३:४० बजे


**बालश्रम दण्डनीय अपराध हो,**

**बालबालिकालाई कुनै पनि श्रमजन्य कार्यमा नलगाऔं।**

वीरगंज महानगरपालिका कार्यालय


## तीन दिनभित्र प्रत्यक्षतर्फको नतीजा सार्वजनिक गर्ने तयारी

काठमाडौं, १ मङ्सिर/रासस

आगामी प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्यको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको नतीजा तीन दिनभित्र सार्वजनिक गर्ने निर्वाचन आयोगको योजना रहेको छ।

निर्वाचनको तयारीबारे जानकारी दिन बिहीवार आयोजित पत्रकार सम्मेलनमा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचन भएको तीन दिन अर्थात् मङ्सिर ७ गते बेलुकासम्ममा प्रत्यक्षतर्फका सबै नतीजा सार्वजनिक गरिसकिने कार्ययोजना रहेको बताए।

"सबै मतपेटिका सङ्कलन भएको लगत्तैदेखि मतगणना प्रारम्भ हुनेछ," उनले भने, "तीन दिनभित्र प्रत्यक्षतर्फ र त्यसको पाँच दिनभित्र समानुपातिकका सबै मतगणना सक्ने गरी योजना बनाएका छौं।"

मङ्सिर २२ गतेभित्र निर्वाचनको सम्पूर्ण नतीजाको प्रतिवेदन आयोगले राष्ट्रपतिसमक्ष बुझाउन चाहेको जनाउँदै उनले भने, "निर्वाचन प्रक्रियामा सबैको प्रतिबद्धता र सहयोग भएको खण्डमा त्यो सम्भव हुन्छ भन्नेमा आयोग ढुक्क छ।" अस्वाभाविकरूपले मतदान भएका केन्द्रलाई आयोगले विशेष सूचीमा राख्ने जानकारी दिँदै प्रमुख निर्वाचन आयुक्त थपलियाले मतदान केन्द्रमा तीनवटा सुरक्षा घेरा रहने व्यवस्था गरिएको बताए।

उनले कुनै केन्द्रमा अप्रिय घटना भएमा ३० मिनेटभित्र नेपाली सेना पुग्ने



तस्वीरः रासस

व्यवस्था मिलाइएको जानकारी दिए। बुथ कब्जा गरेर चुनाव जित्ने सोच नराख्न राजनीतिक दल र उम्मेदवारलाई सुझाव दिँदै उनले वारेसका आधारमा मतदान गर्ने प्रवृत्तिलाई निस्तेज तुल्याइने बताए।

आगामी दुई दिनभित्र मतदान केन्द्र निर्माणको कार्य पूरा भइसक्ने आयोगले जनाएको छ। प्रजातन्त्रको मेरुदण्डका रूपमा रहेको आवधिक निर्वाचनको मुख्य सरोकार पक्ष भनेको उम्मेदवार र मतदाता नै हुन्। सार्वजनिक सञ्चारमाध्यम र सामाजिक सञ्जालमार्फत मतदाता शिक्षा कार्यक्रम सञ्चालन भएकाले विगतका जस्तो तडकभडक नभएको आयोगले जनाएको छ।

यही मङ्सिर ४ गते देशभर एकै चरणमा हुने उक्त निर्वाचनको लगभग सम्पूर्ण तयारी पूरा भएको सो अवसरमा जानकारी दिइयो। उक्त निर्वाचनमा एक करोड ७९ लाख ८० हजार ५७० मतदाता कायम छन्। यही मङ्सिर ३ गतेसम्म १८ वर्ष उमेर पुगेका बालिग मतदाताले निर्वाचनमा मतदान गर्न पाउनेछन्।

मतदानका लागि १० हजार ८९२ मतदानस्थलमा २२ हजार २२७ मतदान केन्द्र कायम गरिएको छ।

यस्तै, १४१ अस्थायी मतदान केन्द्र र आफूलाई पायक पर्ने तथा आफू खटिएका मतदान केन्द्रबाट करीब चार लाख ५० हजार अस्थायी मतदाताले प्रतिनिधिसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ मतदान गर्नेछन्।

**सप्तरी.............**

प्रदेशसभा सदस्यको निर्वाचनको मिति नजीकिँदै जाँदा तीनै उम्मेदवार चुनावी प्रचारप्रसार सामग्रीसहित मत आआफ्नो पक्षमा पार्न घरदैलोमा व्यस्त छन्। गत २०७४ सालको निर्वाचनमा यसै क्षेत्रमा निर्वाचित जसपा अध्यक्ष यादव आफ्नो जीतलाई दोहोर्‍याउने दाउमा छन् भने डा राउत र ठाकुरले यादवलाई पराजित गरेर आआफ्नो जीत सुनिश्चित गर्ने योजनामा छन्।

यतिबेला बिहान र बेलुका चिया गफमा समेत ठाकुर, यादव र डा राउतबीच नै मुख्य प्रतिस्पर्धा हुने चर्चा छ। दल सङ्गठको अवस्था, राजनीतिक गठबन्धन, जातीय समीकरण र राजनीतिक प्रभावका हिसाबले तीनै उम्मेदवारबीच कडा प्रतिस्पर्धा हुने राजनीतिक विश्लेषक रामनारायण यादवले बताए।

गत २०७४ सालको निर्वाचनमा तत्कालीन राजपा, नेपाली काङ्ग्रेससमेतको साथ पाएर निर्वाचित भएका यादवले अहिले ती दुवै दलको साथ गुमाएका छन् भने एमालेको साथ पाएको छ। चुनावी प्रतिस्पर्धामा रहेका जसपा अध्यक्ष यादवले आफ्नो दलको सङ्गठन बलियो रहेको र आफूले सप्तरीमा गरेको विकास निर्माण कार्यका कारण आफूले जित्ने दाबी गरेका छन्।

"मैले गरेको विकास निर्माण कार्य र राजनीतिक भूमिकाका कारण मेरो कसैसँग प्रतिस्पर्धा छैन," अध्यक्ष यादवले भने, "पाँच वर्षमा विकास निर्माणका धेरै आधार खडा गरेका छौं, त्यसैले जनताले फेरि पनि मलाई नै मत दिएर विजयी बनाउँछ।"

आफ्नो कार्यकालमा विभिन्न सडक सञ्जालको निर्माण, रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको शिलान्यास, नर्सिङ कलेज, कृषि विश्वविद्यालय, गजेन्द्रनारायण सिंह अस्पतालमा सुधारलगायतका काम अघि बढेकाले मतदाताले फेरि पनि अवसर दिने अध्यक्ष यादवको दाबी छ।

गत वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनमा पाएको मतका आधारमा मजबूत देखिएको पाँच दलीय गठबन्धनका उम्मेदवार ठाकुरले यस क्षेत्रमा गठबन्धन मजबूत रहेको, सधैँ जनताको बीचमा रहेर निरन्तर काम गरेको र शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा योगदान रहेकाले आफूले चुनाव जित्ने दाबी गरेका छन्।

"म जनतासँग नजीक भएर काम गरेको र उहाँहरूको सदैव सेवा गरेको आधारमा पनि मेरो बलियो स्थिति छ," ठाकुरले भने, "गठबन्धन पनि एक ढिक्का छ, त्यसैले जीत सुनिश्चित छ।" दुई ठूला गठबन्धनका उम्मेदवारलाई पाखा लगाएर जीत सुनिश्चित गर्ने दाउमा रहेका जनमत अध्यक्ष डा राउतले पुराना नेताबाट जनता दिक्क भइसकेकोले अब निर्वाचनमा मतदाताहरूले आफूलाई विजयी बनाउने दाबी गरेका छन्। पहिलोपटक चुनावी प्रतिस्पर्धामा उत्रिएका डा राउतले पहिलो प्रयासमै आफू सफल हुने बताए।

"बूढापाकाको आशीर्वाद र युवाको जोश, जाँगर र ऊर्जाका कारण म उत्साहित छु," डा राउतले भने, "पुराना नेताबाट जनता दिक्क भइसकेको छ, मतदाता नयाँलाई अवसर दिन चाहिरहेका छन्।" त्यसैले म चुनाव जित्छु भन्नेमा ढुक्क छु उनको भनाइ थियो।

कुल ९५ हजार ३४४ मतदाता रहेको यस क्षेत्रमा सप्तरी सदरमुकाम राजविराजसहित महदेवा गाउँपालिका, तिलाठी कोइलाडी गाउँपालिका र छिन्नमस्ता गाउँपालिका पर्दछन्। स्थानीय तहको निर्वाचनमा वडाध्यक्षले पाएको मतलाई जोड्दा पाँच दलीय गठबन्धन बलियो देखिएको छ।

यस क्षेत्रमा पाँच दलीय गठबन्धनको मत ३७ हजार ३७३ छ भने एमाले-जसपा गठबन्धनसँग १९ हजार ७५ मत र जनमत पार्टीको तीन हजार २७१ मत छ। यस क्षेत्रमा पर्ने राजविराज नगरपालिकाको प्रमुख र उपप्रमुखमा जसपाले जीत हात पर्दा महादेवा गाउँपालिका र छिन्नमस्ता गाउँपालिकामा लोसपा तथा तिलाठी कोइलाडीमा काङ्ग्रेसले जीत हात पारेको थियो।



**रोबटमार्फत चुनावी प्रचारप्रसारः** नेपाली काङ्ग्रेसका वरिष्ठ नेता एवं तनहुँ क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्यका सत्ता साझेदार गठबन्धनका साझा उम्मेदवार रामचन्द्र पौडेलको लागि तनहुँको व्यास नगरपालिका-३ अनसनचौतारीस्थित नेपाली रोबोट एरिका मत माग्दै। तस्वीरः रासस

# बारा-१ मा मैनाली र चौधरीबीच प्रतिस्पर्धा


उमाकान्त चौधरी


अच्युत मैनाली

प्रस, परवानीपुर, १ मङ्सिर/

बारा क्षेत्र नं १ मा दुई गठबन्धनका उम्मेदवारबीच प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको लागि रोचक प्रतिस्पर्धा हुने देखिएको छ।

एमाले-जसपा गठबन्धनबाट प्रतिनिधिसभा सदस्यमा अच्युत मैनाली र सत्तारूढ गठबन्धनबाट उमाकान्त चौधरीको उम्मेदवारी परेको छ।

दुवैजना आआफ्ना दलका प्रभावशाली नेता हुन् र उनीहरूबीच कडा प्रतिस्पर्धा हुने सो क्षेत्रका मतदाताहरूको बुझाइ छ।

त्यसैगरी, राप्रपाबाट सङ्घीय सांसदमा भक्तबहादुर दर्लामी, जनमत पार्टीबाट मनोजकुमार यादव, हाम्रो नेपाली पार्टीबाट राकेश न्यौपानेलगायतको उम्मेदवारी रहेको छ।

यसैगरी, बारा क्षेत्र नं १ (१) मा एमालेबाट त्रिलोकीप्रसाद, सत्तारूढ गठबन्धनबाट नेकाका रमेशप्रसाद दङ्गाललगायत १२ जनाको उम्मेदवारी परेको छ।

त्यसैगरी, क्षेत्र नं १ (२) मा जसपाबाट मधेस प्रदेशका पूर्वसभामुख सरोजकुमार यादवले उम्मेदवारी दर्ता गराएका छन् भने सत्तारूढ गठबन्धनका साझा उम्मेदवार नेकाका उम्मेदवार नागेन्द्रप्रसाद यादवको उम्मेदवारी परेको छ।

त्यसैगरी, सो क्षेत्रको प्रदेशसभातिर सत्तारूढ गठबन्धनकै एउटा घटक नेकपा एकीकृत समाजवादीका बतहुराम यादवलगायत १४ जनाको उम्मेदवारी परेको निर्वाचन अधिकृतको कार्यालय, बारा-१ ले जनाएको छ।


## शौचालयको प्रयोग गरौं, सङ्क्रमणबाट जोगिऔं

- खुल्ला स्थानमा दिसापिसाब नगरौं।
- शौचालयमा मात्र दिसापिसाब गरौं।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं।
- हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तीमा २० सेकेन्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं।
- सफा कपडा वा तौलियाले हात पुछौं।

**जीवाणुलगायतको सङ्क्रमणबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# निर्वाचन बहिष्कार गर्न आह्वान

प्रस, वीरगंज, १ मङ्सिर/

स्वतन्त्र राष्ट्रवादी सङ्घ नारायणीका संयोजक नवराज ढकालले विज्ञप्ति प्रकाशित गरी निर्वाचन बहिष्कार गर्न आह्वान गरेका छन्।

उनले २०७२ को संविधान परिवर्तन नगरी देशले निकास नपाउने भन्दै सनातन पहिचानसहितको हिन्दू राष्ट्र पुनर्स्थापना र सङ्घीयताको खारेजीको माग पनि गरेका छन्।

उनले यी कार्यहरूको लागि सडक सङ्घर्षको आवश्यकता रहेको र अहिले हुने निर्वाचन बहिष्कार गर्ने माग गरेका छन्।

# छपकैयामा पनि निश्शुल्क भोजन शुरू

प्रस, वीरगंज, १ मङ्सिर/

वीरगंज महानगरपालिका-२ छपकैया टोल सुधार समितिले बिहीवारदेखि साताव्यापी निश्शुल्क भोजन शुरू गरेको छ। समितिका अध्यक्ष मनोज अर्यालले आजदेखि निश्शुल्क भोजन शुरू गरेको र प्रत्येक साताको बिहीवार दीनदुःखीहरूलाई निश्शुल्क भोजन गराउने लक्ष्य रहेको बताए।

उनले आजबाट आफूले सुरुआत गरेको र यसमा सहयोगी हातहरू थपिने र कार्यक्रमलाई निरन्तरता दिन हरसम्भव प्रयास गरिने बताए। आज पहिलो दिन ५४ जना दीनदुःखी, गरीबहरूलाई निश्शुल्क भोजन गराइएको समितिका




अध्यक्ष मनोज अर्यालले बताए।

वीरगंज महानगर-६ मा सबैभन्दा बढी निश्शुल्क भोजन गराइन्छ। करीब सात वर्षदेखि नारायणी युवा समितिले महावीरस्थान गलीमा प्रत्येक साताको शनिवार निश्शुल्क भोजन गराउँदै आएको वडाध्यक्ष जयप्रकाश शाहले बताए।

यसैगरी, सोही वडाको रेशमकोठी द्वारनिर माँ अन्नपूर्ण निश्शुल्क भोजन मासिकरूपमा गराइँदै आएको छ। स्थानीय हुकुम सिंहले करीब तीन वर्षदेखि महीनाको अन्तिम शनिवार गरीब, दीनदुःखीहरूलाई निश्शुल्क भोजन गराउँदै आएको बताए।

यसैगरी, मारवाडी महिलाहरूको समूहले पनि प्रत्येक साताको बिहीवार रु पाँचमा भोजन गराउँदै आएको छ। केही महिला मारवाडीले घरमा पकाएको खाना समूहमा दिने र त्यो समूहले गरीब, दीनदुःखीलाई रु पाँचमा शहरका विभिन्न स्थानमा पुगेर खाना उपलब्ध गराउँदै आएको छ। यसको नेतृत्व नूतन सरावगीले गर्दै आएको वडाध्यक्ष शाहले बताए।

# चार महीनामा बजेट खर्च साढे १९ प्रतिशत

काठमाडौं, १ मङ्सिर/रासस

चालू आर्थिक वर्षको पहिलो चार महीनामा सरकारी बजेट खर्च साढे १९ प्रतिशत मात्रै भएको छ। महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्क अनुसार कात्तिक मसान्तसम्म रु तीन खर्ब ५० अर्ब ९८ करोड ७३ लाख खर्च भएको हो। जुन वार्षिक विनियोजित बजेटको १९ दशमलव ५७ प्रतिशत बराबर हो।

यस अवधिमा चालूतर्फ २३ दशमलव ७८ प्रतिशत बजेट खर्च भएको छ। चालू आवका लागि चालू शीर्षकमा रु ११ खर्ब ८३ अर्ब २३ करोड ५१ लाख बजेट विनियोजन भएकोमा कात्तिक मसान्तसम्ममा रु दुई खर्ब ८१ अर्ब ३८ करोड ६१ लाख खर्च भएको हो।

त्यस्तै, पूँजीगततर्फ रु तीन खर्ब ८० अर्ब ३८ करोड ४५ लाख बजेट विनियोजन भएकोमा हालसम्म छ दशमलव ९१ प्रतिशत अर्थात् रु २६ अर्ब २९ करोड ६१ लाख बराबर खर्च भएको छ।

वित्तीय व्यवस्थापन शीर्षकमा रु दुई खर्ब ३० अर्ब २१ करोड ७७ लाख बराबरको वार्षिक बजेट रहेकोमा अहिलेसम्म १८ दशमलव ८१ प्रतिशत अर्थात् रु ४३ अर्ब ३० करोड ५१ लाख खर्च भएको छ।




यही अवधिसम्म सरकारको राजस्व सङ्कलन १९ दशमलव ११ प्रतिशत रहेको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ। चालू आर्थिक वर्षका लागि कुल रु १४ खर्ब तीन अर्ब १४ करोड ७० लाख बराबर राजस्व उठाउने सरकारको लक्ष्य रहेकोमा कात्तिक मसान्तसम्ममा रु दुई खर्ब ६८ अर्ब सात करोड १७ लाख बराबर असुली भएको छ। जसमध्ये कर राजस्वतर्फ १८ दशमलव ९७ प्रतिशत अर्थात् रु दुई खर्ब ४५ अर्ब ७८ करोड ६८ लाख र गैरकर राजस्वतर्फ २० दशमलव ६८ प्रतिशत अर्थात् रु २२ अर्ब २८ करोड ४९ लाख उठेको छ।

पहिलो चार महीनामा सरकारले रु तीन अर्ब ४१ करोड ५९ लाख वैदेशिक अनुदान लिएको छ। जुन वार्षिक लक्ष्यको छ दशमलव १६ प्रतिशत बराबर हो। चालू आवका लागि सरकारले रु ५५ अर्ब ४५ करोड ८३ लाख वैदेशिक अनुदान लिने लक्ष्य राखेको छ।

# निर्वाचनमा दुई दिन बिदा दिन निजी क्षेत्रसँग सरकारको आग्रह

काठमाडौं, १ मङ्सिर/रासस

सरकारले आसन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि आआफ्ना उद्योग, प्रतिष्ठान तथा कार्यालयमा दुई दिन सार्वजनिक बिदा दिन निजी क्षेत्रसँग आग्रह गरेको छ।

सरकारबाट निर्वाचनका सन्दर्भमा सरकारी कार्यालय र सार्वजनिक निकायमा दुई दिन बिदा दिने निर्णय भएको जनाउँदै गृह मन्त्रालयले निजी प्रतिष्ठान, उद्योग कलकारखाना तथा कार्यालयमा यही मङ्सिर ४ र ५ गते सार्वजनिक बिदा दिने व्यवस्था गर्न आग्रह गरेको हो।

मन्त्रालयले निर्वाचनका दिन दुई दिन सार्वजनिक बिदा दिन निजी क्षेत्रका छाता सङ्गठनलाई पत्राचारसमेत गरेको छ। नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ, नेपाल घरेलु तथा साना उद्योग महासङ्घ, नेपाल यातायात राष्ट्रिय व्यवसायी महासङ्घ, संयुक्त ट्रेड युनियन समन्वय केन्द्र, वायुसेवा सञ्चालक सङ्घ, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र निजी क्षेत्रका सबै छाता सङ्गठनलाई पत्राचार गर्दै निर्वाचनका समयमा दुई दिन बिदा दिन आग्रह गरिएको मन्त्रालयका सहसचिव फणिन्द्रमणि पोखरेलले जानकारी दिए।

सरकारले यसअघि सरकारी तथा सार्वजनिक निकायमा मङ्सिर ४ र ५ तथा विद्यालयमा मङ्सिर २ देखि ५ गतेसम्म सार्वजनिक बिदा दिने निर्णय गरेको थियो। यस्तै, त्रिभुवन विश्वविद्यालयले पनि आजदेखि मङ्सिर ५ गतेसम्म क्याम्पस तथा कार्यालयमा सार्वजनिक बिदा दिइसकेको छ।

## चुनाव प्रचारको अन्तिम ...

धाँधली हुन सक्ने र मतदाताहरूलाई प्रलोभनमा पार्न सक्ने सम्भावना रहेकाले त्यसतर्फ स्थानीय प्रहरी प्रशासनलाई चनाखो हुन सुझाए। निर्वाचन आयोगले चुनावमा भारतीय नम्बर प्लेटका



सवारीसाधन प्रयोगमा बन्देज गरे पनि पर्सा जिल्ला र खासगरी आफ्नो क्षेत्रमा भारतीय नम्बर प्लेटका गाडी चुनाव प्रचारमा रहेको र स्थिर समयमा भारतीय सवारीसाधनबाट मतदाताहरूलाई रकम बाँड्नेजस्ता चलखेल हुने भएकोले सजग हुन आग्रह गरे।

पर्सा क्षेत्र नं ३ बाट जसपा-एमाले गठबन्धनबाट प्रतिनिधिसभाका उम्मेदवार एमालेका राजकुमार गुप्ताले पटेर्वासुगौलीको देउरियामा दिउँसो आमसभा गरे। उनले जसपा-एमाले गठबन्धनका उम्मेदवारलाई निर्वाचित गराउन आग्रह गरे। आमसभामा क्षेत्र नं ३ (१) बाट प्रदेशसभाका उम्मेदवार मन्जुर अन्सारी, जसपाबाट समानुपातिक उम्मेदवार सलमा खातुन र एमाले-जसपाका नेताहरू प्रभु हजरा, डा विश्वम्भर शर्मा, शिव पटेल, श्रीलाल मोदी, विजय चौरसिया, पवन सिंहलगायतले मन्तव्य व्यक्त गरेका थिए। आमसभाको सञ्चालन श्याम बन्जाराले गरेका थिए।

यसैगरी, क्षेत्र नं ३ बाट वाम लोकतान्त्रिक गठबन्धनबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार नेकाका सुरेन्द्रप्रसाद चौधरी, क्षेत्र नं ३ (१) बाट प्रदेशसभाका उम्मेदवार माओवादी केन्द्रका छोटेलाल



यादव, क्षेत्र नं ३ (२) का प्रदेशसभा सदस्य उम्मेदवार जनार्दनसिंह क्षत्रीले बिहीवार पोखरिया नगरपालिका-१ वनकटवामा घरदैलो गरेका छन्।

यसैगरी, जनार्दनसिंह क्षत्रीले बिहीवार घरदैलोबाहेक आफ्नो क्षेत्रका श्रीसिया, पकाहा, झौवागुठीलगायतमा भेटघाट कार्यक्रम गरेका छन्। सो अवसरमा उनले वाम लोकतान्त्रिक गठबन्धनका उम्मेदवारलाई मत दिएर विजयी गराउन आग्रह गरेका थिए।

यसैगरी, पर्सा क्षेत्र नं १ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार जसपाका प्रदीप यादव, क्षेत्र नं १ (१) बाट प्रदेशसभा सदस्यका उम्मेदवार एमालेका विचारी यादवले वीरगंज-१२ मुर्ली, वडा नं १३ राधेमाई, वडा नं १४ पिपरा, वडा नं १६ नगवा, वडा नं २० हरपतगंजका मतदातासँग भेटघाट गरेका छन्।

बिहीवार अन्तिम चुनावीसभामा पाँचवटा वडाका मतदाताहरूसँग यादवद्वयले जसपा-एमाले गठबन्धनका उम्मेदवारलाई विजयी गराउन आग्रह गरे।

पर्सा क्षेत्र नं ४ मा जसपा-एमाले गठबन्धनबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार एमालेका जालीम मियाँ, प्रदेशसभा सदस्यका उम्मेदवार एमालेका जयप्रकाश थारूले चुनावीसभा गरेका छन्। उनीहरूले एमाले-जसपा गठबन्धनका उम्मेदवारलाई मतदान गरी निर्वाचित गर्न मतदातासँग आग्रह गरे।

कार्यक्रममा खगेन्द्र श्रेष्ठ, प्रताप श्रेष्ठ, ठाकुर न्यौपानेलगायतले मन्तव्य व्यक्त गरेका थिए।

यसैगरी, यसै क्षेत्रबाट वाम लोकतान्त्रिक गठबन्धनबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार नेकाका रमेश रिजाल र प्रदेशसभा सदस्यका उम्मेदवार माओवादीकी शेख चाँदताराले आफ्नो क्षेत्रका वसन्तपुर, धोबिनीमा भेटघाट कार्यक्रम गरेका छन्। सो क्रममा उनीहरूले मतदाताहरूसँग प्रतिगमनविरोधी शक्तिलाई पराजित गर्न वाम लोकतान्त्रिक गठबन्धनका उम्मेदवारलाई मतदान गरी विजयी बनाउन आग्रह गरे।

कार्यक्रममा राष्ट्रियसभा सदस्य उर्मिला अर्याल, माओवादीका रामबाबू बैठा, टेकबहादुर सार्की, सन्तोष पटेल, अजय कलवार, नेकाका प्रेमबहादुर थापा, बलिष्टर अहमदलगायतको सहभागिता थियो।

यसैगरी, पर्सा क्षेत्र नं १ (२) बाट हाम्रो नेपाली पार्टीका प्रदेशसभा सदस्यका उम्मेदवार ओमप्रकाश सर्राफले बिहीवार प्रचारप्रसारको अन्तिम दिन आफ्नो क्षेत्रमा रोड शो गरेका छन। वीरगंज महानगरको नौवटा वडामा उनले रोड शो गरेको बताए।